annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १३८ पृष्ठ ८ | काठमाडौं, आइतबार ३० भदौ २०८१ | भाद्र शुक्लपक्ष द्वादशी नेपाल संवत् ११४४ | SUNDAY, SEPTEMBER 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

# यसरी आयो वाइडबडीको ६० लाख डलर कमिसन

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

अन्नपूर्ण एक्सक्लुसिभ


दुइटा वाइडबडी विमान खरिद गर्दा विदेशमा तिरिएको रकममध्ये ६० लाख अमेरिकी डलर (हालको सटही दरअनुसार करिब ८० करोड ५६ लाख रुपैयाँ) नेपालमै बिचौलिया र नेपाल एयरलाइन्सका उच्च अधिकारीका परिवारका खातामा फर्किएको पाइएको छ।

'कमिसन' बनाएर रकम फिर्ता ल्याउन विदेशमा पनि जहाज खरिद र रकम भुक्तानी दुवै प्रयोजनमा बिचौलिया कम्पनी प्रयोग गरिएका थिए। ती कम्पनीले ठूलो रकम यताका निर्णयकर्ता र चाँजोपाँजो मिलाइदिने व्यक्तिहरूलाई पठाएका थिए।

त्यो रकम सिंगापुर र दुबईमा नेपालीका कम्पनीमा आएको थियो। त्यहाँबाट ठूलो मात्राचाहिँ हुन्डी प्रयोग गरी नेपाल ल्याइएको पाइएको अनुसन्धान अधिकारीहरूले जानकारी दिएका छन्।

अन्नपूर्ण पोस्ट्लाई प्राप्त कागजातअनुसार त्यो रकम दिकेश मलहोत्राको नाममा रहेको यूएईको दुबईस्थित टार्गेट इन्भेस्टमेन्ट कम्पनीका नाममा ३० लाख अमेरिकी डलर आएको थियो।

» बाँकी पृष्ठ ६




कभर स्टोरी


# जथाभावी सडक, वातावरणको विनाश

लुम्बिनी प्रदेशका अधिकांश जिल्लाहरूमा जथाभावी सडक खन्ने क्रम रोकिएको छैन। गाउँ-गाउँमा सिंहदरबार स्थापना भएपछि जनताको सत्तासँग सहज पहुँच पुग्यो। बस्ती स्तरमै सरकार पुगेपछि जथाभावी सडक बनाउने कामले गति लिएको देखिएको छ। जनप्रतिनिधि मात्र होइन्, नागरिकहरूले समेत विकास भनेकै सडक हो भन्ने ठाने र समस्या अझ पछि झन् बल्झिँदै गएको हो।

**केशरराज क्षेत्री** | *बुटवल*

**- को रिपोर्ट**

समाचार पृष्ठ २









# जथाभावी सडकले वातावरणीय असन्तुलन

**केशरराज क्षेत्री** | *बुटवल*

विकास भनेकै सडक। यस्तो भाष्यले संघदेखि स्थानीय तहको मुख्य जोड छ- सडक निर्माण। तर, उनीहरूबीच कसले कुन सडक कसरी बनाउने भन्ने समन्वय छैन। जथाभावी सडक खन्ने र भत्काउने काम भएका छन्। अव्यवस्थित रूपमा जतासुकै खनिएका सडकले एउटा क्षेत्रमा मात्र असर गरेन्। त्यसको असर वातावरणीय क्षेत्रमा चौतर्फी देखिन थालेको छ। वातावरण विद्का अनुसार वातावरणीय प्रभाव मूल्यांकनबिनै खनिएका सडकले दीर्घकालीन असर गरिरहेको छ। नियमनकारी निकायले यसलाई रोक्न कुनै पहल गरेको देखिँदैन। यतिसम्मकी विकास निर्माण गर्ने विभिन्न निकायहरूबीच आपसमा समन्वय समेत छैन्। सडक कार्यालयले सडक खन्छ, त्यसलाई वनले रोक्छ। बाटो खन्दा खानेपानीका मुहान पुरिन्छन्, खानेपानीसँग समन्वय हुँदैन्। सिँचाइ गर्ने कुलोको नामै निसाना नरहने गरी बाटो बनाइन्छ। तर, सिँचाइसँग समन्वय हुँदैन। विद्युत्, सरसफाइ, ढल व्यवस्थापन लगायत क्षेत्रमा यी निकायहरूबीच समन्वय नहुँदा विकास निर्माणले समेत दीर्घकालीन रूप लिन सकेका छैनन्। यस्तो अवस्थामा करोडको मात्र होइन्, अर्बौंका योजनाहरू प्रभावित बनरिहेका छन्। कैयौं योजनाहरू त समन्वय अभावकै कारण वर्षौंदेखि अलपत्र अवस्थामा छन्।





### सडककै कारण बाढी र पहिरो, २५७ को मृत्यु

पछिल्लो पाँच वर्षको तथ्यांक हेर्ने हो भने जथाभावी खनिएका सडक सञ्जालले लुम्बिनी प्रदेशभर विकराल समस्या निम्त्याएको छ। १२ वटै जिल्लाको तथ्यांक केलाउँदा पाँच वर्षको अवधिमा २ सय ५७ जनाको बाढी, पहिरो र डुबानबाट मृत्यु भएको छ। जसको मुख्य कारण अस्तव्यस्त रूपमा खनिएका सडक नै भएको सरोकारवालाहरूले प्रतिक्रिया दिएका छन्।

आर्थिक वर्ष २०७६/०७७ मा ५७ जना, २०७७/०७८ मा ९० जना, २०७८/०७९ मा ४९ जना, २०७९/०८० मा ५३ जना र २०८०/०८१ मा ८ जनाको अकालमै ज्यान गएको छ। कुल १ सय २८ जना घाइते भएका छन्। ५ हजार ९ सय ८१ घरगोठमा क्षति पुगेको छ भने १ हजार ७ सय ४० घरधुरी विस्थापित भएका छन्।

लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) एवं सूचना अधिकारी माधवप्रसाद श्रेष्ठले जथाभावी सडक निर्माणकै कारण बाढी, पहिरोको समस्या दिनानुदिन विकराल बन्दै गइरहेको बताउँछन्। 'बाढी पहिरोले तुलनात्मक रूपमा तराईमा भन्दा पहाडमा मानवीय क्षति हुने गरेको छ', उनी भन्छन्, 'तराईमा उद्धार र राहतको काम पनि छिटो हुन्छ। तर, पहाडमा पुग्दापुग्दै क्षति भइसकेको हुन्छ।' उनले उद्धारको क्रममा विभिन्न जिल्लाहरूमा पुग्दा बाढी पहिरोको कारण अस्तव्यस्त सडक सञ्जाल, अव्यवस्थित बसोबास, विपत्तिलाई बिर्सिहाल्ने नागरिकहरूको प्रवृत्ति, विपद् व्यवस्थापनमा हेलचेक्रयाइँ, सार्वजनिक जग्गा अतिक्रमण गरी बसोवास रहेको पाइएको बताए। सुरक्षा निकायको एक्लो प्रयासले मात्र प्राकृतिक विपत्तीलाई रोक्न नसकिने अनुभव सुनाउँदै उनले सबै क्षेत्रको चासो हुनुपर्ने विचार व्यक्त गरे।

### पहिरोले उठीबास

चार वर्षअघि गुल्मीको इस्मा-१ स्थित जुकेपानीमा घरमाथिबाट आएको पहिरोले घटनास्थलमै दुई बच्चाको ज्यान गयो। बसन्त सारुका १६ महिनाका छोरा सुरज सारु र ईश्वरी खत्रीकी छोरी ८ वर्षीया अपेक्षा खत्रीको पुरिएर मृत्यु भयो। घरमाथिबाट निर्माण गरिएको सडककै कारण पहिरो गएको स्थानीयले बताएका छन्। घर पुरिएपछि पहिरोपीडित बुटवल झरेका छन्।

प्यूठान नगरपालिका-९ स्थित बुढादेवी खोलामा बाढी आएपछि यसै साता ७ घरपरिवार विस्थापित भए। मल्लरानी गाउँपालिकास्थित मल्लरानी-चुँजा जोड्ने दुई लेनको सडक निर्माण गर्दा पहिलोपटक यति ठूलो बाढी आएको स्थानीयले बताएका छन्। 'बाटो खन्दा तलका बस्तीमा हुने क्षतिको अनुमान गरिएन्', बाढीपीडित आत्मराम सुनारले भने, 'यहाँका नागरिकहरूसँग सल्लाह गर्नुपर्दथ्यो। जतासुकै सडक खन्ने तर त्यसबाट निस्किने ढुंगा, माटोलाई व्यवस्थापन नगर्दा बाढीको सिकार हुनपुग्यौं।'

सडक डिभिजन प्यूठानले दुई लेनको सडक बनाए पनि उक्त सडकमा सवारी त्यति गुड्दैनन्। आवश्यकताको पहिचानसमेत नगरी सडक निर्माण गरिएको बाढीपीडितहरूको गुनासो छ। 'टापुमा सडक छ तर गाडी गुड्दैनन्', ६० वर्षीय बोमबहादुर भण्डारीले भने, 'दिनहुँ सयौं गाडी गुड्ने सडकको अवस्था बेहाल छ तर फाट्टफुट्ट मोटरसाइकल गुड्ने ठाउँमा दुई लेनको सडक छ। यो कस्तो खालको विकासको मोडल हो ? ' बाढीले सिर्जनशील तारा इंग्लिस बोर्डिङ स्कुलमा समेत क्षति पुऱ्याएको छ। तत्काल विद्यालयमा पढ्नै नमिल्ने गरी बाढीले असर गरेको बासुदेव गिरीले बताए। जतासुकै खनिएका सडककै कारण पछिल्लो समय बाढी र पहिरोसहित गम्भीर वातावरणीय प्रभावको सिकारमा नागरिकहरू पर्ने गरेका छन्।

गुल्मी सत्यवती गाउँपालिका-३ स्थित ठूलोलुम्पेकमा ५ वर्षअघि गएको पहिरोले १८ वटा घर विस्थापित भएका थिए। ३ सय ७ वटा घर उच्च जोखिममा छन्। चट्टान कमजोर र भिरालो क्षेत्र भएकाले एउटा पाटो झरेपछि त्यसले थिच्दै-थिच्दै झरेको थियो। सडक निर्माणले गर्दा पहिरो झरेको देखिएको खानी तथा भूगर्भबाट खटिएको टोलीले बताएको छ। यस क्षेत्रमा बस्ती बसाउनसमेत जोखिम हुने भूगर्भको टोलीले निष्कर्ष निकालेको छ। पहिरो जाँदा त्यहाँ १३ जनाले ज्यान गुमाएका थिए। सयौं घर उच्च जोखिममा र एक हजारभन्दा बढी नागरिकहरू विस्थापित भएका थिए। पहिरोपीडित अधिकांश तम्घास, बुटवललगायत सहरमा बसाइँसराइ गरेका छन्।

### सुके पानीका मुहान

अस्तव्यस्त रूपमा खनिएका सडकको सबैभन्दा बढी चपेटामा पानीका मुहानहरू परेका छन्। मुहान संरक्षण गर्नुको साटो उल्टै बाटोले पुरिएका मुहानले बस्तीमा खानेपानीको चरम समस्या निम्त्याएका छन्। लुम्बिनी प्रदेशसहित देशभर नै खानेपानीको समस्या दिन प्रतिदिन बढ्दै छ। मुहानहरू सुक्दै गए। डोजर लगाएर जथाभावी खनिएका सडकहरूले मुहानहरू विलिन हुँदै गएका छन्। बर्सेनि जंगलमा लाग्ने आगलागीले समेत पाइपलाइन र मुहानहरू चपेटामा परेका हुन्। वातावरण विद्का अनुसार वनजंगलमा लागेको आगोको असर खानेपानीमा तत्कालै देखिँदैन। तर, बर्सेनि त्यसले विकराल रूप लिँदै जाने गर्छ। मुहानहरू सुक्ने र नयाँ मुहानहरू नपलाउने समस्या वन मासेर खनिने सडक र आगलागीका कारण हो।

नागरिकहरू स्वच्छ पानी पिउनु त धेरै टाढाको कुरा आधारभूत पानीको समेत पहुँचमा छैनन्। २०७८ सालको राष्ट्रिय जनगणना र केन्द्रीय तथ्यांक विभागका अनुसार देशभर १९ दशमलव १ प्रतिशत नागरिकहरूले मात्र सुरक्षित पानी पिउँछन्। ४१ प्रतिशत घरधुरीमा पानीका धारा नै छैनन्। कुवा, खोला र खुला आकाशको पानीको भरमा उनीहरूले जीवन जिउन बाध्य छन्। देशभर ५३ प्रतिशत घरधुरीले मात्र पानीका धारा प्रयोग गर्छन्। देशभर ९२ दशमलव ९ प्रतिशत नागरिकहरूमा आधारभूत खानेपानीको पहुँच पुगेको तथ्यांक छ। तर, उक्त संख्यामा पानीको पाइपलाइन पुगे पनि ती पाइपमा पानी झर्दैन्। त्यसमध्ये ५३ प्रतिशत पाइपमा मात्र पानी आउने गरेको तथ्यांक छ। करिब ४० वर्ष पुराना योजनाहरूसमेत अहिले सञ्चालनमा छन्। लुम्बिनी प्रदेशमा ९४ दशमलव १ प्रतिशत आधारभूत खानेपानी र १४ दशमलव ८ प्रतिशत मात्र मानिसहरूको पहुँचमा स्वच्छ पानीको पहुँच पुगेको तथ्यांक छ।

सहरी विकास तथा खानेपानी मन्त्रालय लुम्बिनी प्रदेशका प्रवक्ता एवं सिनियर डिभिजनल इन्जिनियर गुणनिधि पोखेलले विकास निर्माण गर्ने कार्यालयहरूबीच प्रभावकारी समन्वय नहुँदा खानेपानीको समस्या उत्पन्न हुने गरेको अनुभव सुनाए। 'माथी बाटो खन्दा तल पानीका मुहानहरू छन् भन्ने कुरा निर्माण व्यवसायीलाई थाहा नहुन पनि सक्छ', उनले भने, 'त्यस विषयमा स्थानीय स्तरका जनप्रतिनिधीहरूसँग समन्वय गर्नुपर्छ। एउटा विकास गर्दा अर्को विनाश हुनु राम्रो होइन्।' उनले नारायणगढ बुटवल सडक खण्ड र प्रदेशका ६ वटा पहाडी जिल्लाहरूमा यस्तो समस्या धेरै भइरहेको समेत जानकारी गराए। लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०८०/०८१ मा प्रदेश सरकारले १ हजार १ सय ५४ वटा र संघीय सरकारबाट हस्तान्तरण भएका ५ सय ४५ गरी कुल १ हजार ६ सय ९९ वटा योजनाहरू सञ्चालन भइरहेका छन्।

### तीन दशकपछि बुटवलमा पानी

पटक-पटक बाढीपहिरोले क्षति पुऱ्याएपछि अलपत्र परेको झुम्सा खानेपानी आयोजना बल्ल सम्पन्न हुने सुरसारमा छ। यो आयोजना सम्पन्न भएमा बुटवलमा हुँदै आएको व्यापक खानेपानी समस्या टर्ने निश्चित छ। आर्थिक वर्ष २०५२/०५३ सालदेखि उक्त आयोजना थालनी गरिएको थियो। तर, बाढीपहिरोका कारण आयोजनाले गति लिन सकेको थिएन्। नेपाल खानेपानी संस्थान शाखा कार्यालय बुटवलअन्तर्गत पाल्पाको तिनाउ गाउँपालिका ३ र ४ स्थित झुम्साबाट पानी ल्याउनका लागि बुटवल खानेपानी सुदृढीकरण आयोजना कार्यालयसमेत स्थापना गरिएको छ। संस्थानका बुटवल शाखा प्रमुख मोहनदत्त भट्टका अनुसार आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। 'संभवत: बर्खा सकिएलगत्तै झुम्साको पानी बुटवलमा झार्छौं', भट्टले भने, 'पाइपलाइनको काम ९५ र ड्यामको इन्टेक निर्माणको काम शतप्रतिशत पूरा भइसक्यो।'

**बाढी, पहिरो, डुवान र वर्षात्बाट लुम्बिनी प्रदेशमा भएको क्षति**

| विवरण | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|
| मृत्यु | ५७ | ९० | ४९ | ५३ | ८ |
| घाइते | ३२ | ३३ | २७ | १६ | २० |
| बेपत्ता | ४ | १० | १ | ३ | - |
| घर गोठमा क्षति | १९१० | ७०६ | २०९५ | ११३२ | १३८ |
| विस्थापित घरधुरी | ६० | २२४ | ३१६ | ११४० | - |

*स्रोत : लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ*

### दिनहुँ मासिँदै वन

सडककै कारण दिनहुँ वनजंगल मासिँदै छन्। जंगल मात्र मासिएको छैन, त्यहाँ भएका चराचुरुंगीहरूको समेत वासस्थान लुटिएको छ। वातावरण प्रभाव मूल्यांकनबिनै खनिएका सडकले यस्तो समस्या निम्त्याएको वन निर्देशनालय लुम्बिनी प्रदेशका वन निर्देशक दधिलाल कँडेल बताउँछन्। कँडेलका अनुसार लुम्बिनी प्रदेशभरि कुल ७ लाख ५० हजार हेक्टर क्षेत्रफल वन क्षेत्र छ। त्यसमध्ये २ लाख हेक्टर क्षेत्रफल राष्ट्रिय निकुञ्ज आरांक्ष क्षेत्रको हो। पछिल्लो १५ वर्षदेखि वन जंगल मासेर सडक विस्तार गर्ने क्रम बढ्दै गएको कँडेलको भनाइ छ। '२०६४/०६५ देखि सडक सञ्जालले गति लियो', उनले भने, 'अझ मुलुकमा संघीयता आइसकेपछि त त्यसलाई नियन्त्रण गर्ने नसकिने गरी जथाभावी सडक खनिए। गाउँ-गाउँमा सिंहदरबार पुगेपछि जनताको सहज पहुँच पुग्यो। विकास भनेकै सडक हो भन्ने आम नागरिकमा पऱ्यो।' केही ठूला-ठूला आयोजनाहरूमा वन, खानेपानी र सिँचाइ क्षेत्रको प्रभाव हेर्ने गरिए पनि गाउँ-गाउँका योजनाहरूमा बेवास्ता गर्ने गरिएको देखिएको उनको अनुभव छ।

भूक्ष्य, क्षयीकरण, बाढीपहिरो लगायतको समस्या यसैकै उपज रहेको उनी सुनाउँछन्। 'इन्जिनियरहरूको डिजाइनबिना पनि सडक खनिएको देखिन्छ', उनले भने, 'कतिपय ठाउँमा त डोजर चालक नै इन्जिनियर बनेर सडक विस्तार गरेको पाइन्छ। यस्तो गरिनुहुँदैन।' वातावरणीय प्रभाव र विकास निर्माणको कामलाई सँगसँगै जोडेर लैजानुपर्ने कँडेलको सुझाव छ। राज्यले बनाएका विद्यमान ऐन, नियमहरूलाई टेकेर मात्र विकास निर्माण गर्नुपर्ने उनी धारणा राख्छन्।

### बढ्यो बसाइँसराइ

गाउँमा पुगेको सडकले मात्र मानिसहरू गाउँमा नबस्दो रहेछन्। बाटो त आयो तर पानी मास्यो। खानेपानीकै चरम समस्या झेल्न नसकेर कतिपय गाउँका नागरिकहरू गाउँ छाडेर सहर झरेका छन्। स्थानीय सरकार आइसकेपछि पनि बसाइँसराइ रोकिएको छैन। विकास गाउँमा पुग्यो तर जनता सहर झरिरहेका छन्। 'गाउँमा भनेजस्तो सुविधा छैन्। पानीकै लागि कति संघर्ष गर्नुपर्छ', इस्मा गाउँपालिका-४ खग्रेटा गुल्मीकी ४१ वर्षीय टीकाकुमारी कार्कीले भनिन्, 'पुस्तौंदेखिको खानेपानी समस्या गाउँमा ज्युँका त्युँ छ।' उनले गाउँपालिका स्थापना भइसकेपछि पनि खानेपानीको समस्या अझै नसुल्झिएको प्रतिक्रिया दिइन्। बाटोलाई मात्र विकास ठान्दा अरू विकास निर्माणका कामहरू ओझेलमा पर्ने गरेको त्यहाँका स्थानीय नागरिकहरू सुनाउँछन्।

### गर्दैनन् वातावरण प्रभाव मूल्यांकन

वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली ०७७ ले कुनै पनि विकास निर्माणको काम थाल्नुभन्दा अगाडि त्यसको वातावरण मूल्यांकन गर्नुपर्ने प्रावधान बनाएको छ। आयोजनाहरूको प्रकृतिअनुसार तीन तरिकाले वातावरणको मूल्यांकन हुने गर्छ। साना योजनाहरूको संक्षिप्त वातावरणीय अध्ययन, मझौला योजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण र ठूला योजनाहरूको वातावरणीय प्रभाव मूल्यांकन (आईई) गरिन्छ।

'जुनसुकै तहको सररकाले पनि आफ्नो क्षेत्रमा विकास निर्माणका योजनाहरू सञ्चालन गर्नुपूर्व वातावरणीय मूल्यांकन गर्नैपर्छ। यो कानुनी व्यवस्था हो', काठमाडौं विश्वविद्यालयका वातावरण इन्जिनियरिङ विभागमा कार्यरत सहप्रध्यापक डा.विकिास अधिकारी भन्छन्, 'तर अधिकांश कार्यालयहरूले यो प्रक्रिया कर्मकाण्डीमा मात्र सिमित पारेका छन्। जसले दीर्घकालीन रूपमा असर पारिरहेको छ।' एउटा क्षेत्रमा गरिएको विकास निर्माणले अर्को क्षेत्रमा प्रत्यक्ष प्रभाव नपारोस् भन्नका लागि त्यसको प्रभाव मूल्यांक गर्नुपर्ने व्यवस्था गरिएको उनको भनाइ छ। कम्तीमा एक महिनादेखि बढीमा दुई/तीन वर्ष अवधि लगाएर वातावरणको अध्ययन, परीक्षण र प्रभाव मूल्यांकन गरिने प्रावधान रहेको उनले सुनाए।

'महालेखा परीक्षकको डरले मात्र कागजमा वातावरणीय प्रभाव मूल्यांकन गर्ने गरिएको पाइन्छ', अधिकारी भन्छन्, 'विकासले समाजमा सकरात्मक प्रभाव पार्छ वा नकारात्मक भन्ने कुराको एथेष्ट चित्र त्यसले देखाउँछ। जसले दिगो विकासमा सघाउ पुऱ्याउँछ। त्यसैले पनि यसको व्यवहारत: कार्यान्वयन गर्नै पर्छ।' वातावरणीय प्रभाव मूल्यांकनबिना थालिएका विकास निर्माणका योजनाहरूले जलवायु परिवर्तनसँगै मानिसको आर्थिक एवं सामाजिक विकासमा समेत नकरात्मक असर पार्ने डा.अधिकारीले धारणा राखे।

### अध्ययन बिनाका सडक बाधक

खानी तथा भूगर्व विभाग, पहिरो अनुसन्धान शाखामा कार्यरत डा.सुचिता श्रेष्ठले गाउँ-गाउँमा अध्ययनबिना खनिएका सडक नै बाढी पहिरोलगायत जलवायु परिवर्तनको अवसर बनिरहेको प्रतिक्रिया दिइन्। 'सडक बनाउँदा जमिन कमजोर बन्दै गएको छ', उनले भनिन्, 'अव्यवस्थित सहरी बसोबासले पनि बाढीपहिरोको जोखिम निम्त्याएको हो।' बसाइँसराइसमेत अर्को समस्याका रूपमा आएको उनी बताउँछिन्। 'गाउँमा मानिसहरू नहुँदा जमिनहरू बाझिएका छन्। बाँझो जमिनमा सिँचाइको कुलो जहाँ पायो त्यही जान्छ। सही ठाउँमा पानी नबग्दा त्यसले निम्त्याउने भनेको बाढी पहिरो नै हो।' सरोकारवाला निकायलाई अध्ययन, अनुसन्धानपछि मात्र सडक लगायतका विकास निर्माणहरू सञ्चालन गर्नुपर्ने उनले सुझाव दिइन्।

### डोजर चालक नै इन्जिनियर

स्थानीय तहका कतिपय सडक निर्माणहरू प्राविधिक मूल्यांकनबिना हुने गरेको पाइन्छ। सडक खन्ने साँचो डोजर चालककै हातमा हुन्छ। त्यही साँचोलाई उनीहरूले आफू अनुकूल प्रयोग गर्ने गरेको देखिन्छ। प्राविधिक वा इन्जिनियरहरूले गरेको इस्टिमेटलाई उनीहरूले वेवास्ता गर्छन्। लुम्बिनी प्रदेशका १ सय ९ वटा स्थानीय तहमध्ये करिब ६० प्रतिशत पालिकाहरूले डोजर, एक्साभेटर खरिद किनेका छन्। उनीहरूले निर्माण गर्ने सडक सञ्जालमा प्राविधिक स्टिमेटअनुसार हुने गरेको पाइँदैन्। वडा अध्यक्ष, वडा सदस्य लगायतको निर्देशनमा डोजर चालकहरूले आफू अनुकूल सडक खन्छन्, जसले गर्दा हिउँमा खनिएका सडकले बर्खाभरी विपत्ति लिएर आउँछन्।

### विपद् परेपछि तँछाडमछाड, अरू बेला छैन पूर्वतयारी

घरदैलोको सरकार स्थापना भएको सात वर्ष बितिसक्दा पनि विपद्को पूर्व तयारी गरिएको छैन्। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी कानुनले स्थानीय तहको विपद् व्यवस्थापन कानुन र कार्ययोजना बनाउने जिम्मा स्थानीय सरकारलाई नै दिएको छ। यस्तो कानुन र कार्ययोजना बनाउन संघीय गृह मन्त्रालयले स्थानीय निकायलाई निर्देशन पनि दिएको छ। तर, स्थानीय सरकार 'कानमा तेल हालेर' बसेका छन्। उनीहरू पहिरोले गाउँ सखाप पारेका बेला मात्र जाग्छन्। जनताले दबाब दिएपछि बल्ल स्थानीय सरकार चासो देखाएर काम गरेजस्तो गर्छन्। समिती भने गठन भएका छन्। कानुनले प्रत्येक स्थानीय तहमा 'विपद् व्यवस्थापन कोष' समेत खडा गर्न भनेको छ तर लुम्बिनी प्रदेशका अधिकांश पालिकाहरूले कोष बनाउनतिर ध्यान दिएका छैनन्।

विपद् व्यवस्थापनका सामग्रीहरू खदिरमा भने उनीहरूको चासो देखिएको छ। सामान खरिदमा आर्थिक चलखेल गर्न सकिने भएपछि यसतर्फ ध्यान गएको हुनसक्ने नागरिक समाजका अगुवाहरूले टिप्पणी गरेका छन्। बजारमा पाइने तयारी सामग्री खरिद गरेर उनीहरूले स्टोरमा थन्काएका छन्। नागरिकहरूको नजरमा विपद् आएपछि मात्र सरकारका प्रतिनिधिहरू राहत वितरण गर्न लाग्छन्। त्यो पनि सस्तो लोकप्रियताका लागि मात्र।

### काम नगर्नेलाई कारबाही

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन् २०७४ ले तोकेको कुरा पालना नगरेमा कार्यान्वयन गर्ने निकायलाई सजायको व्यवस्थासमेत तोकेको छ। ऐन कार्यान्वयन गर्ने सम्बन्धमा जारी भएका आदेश वा निर्देशन पालना नगरेमा ५० हजार रुपैयाँसम्म जरिबाना हुने ऐनमा उल्लेख छ। जिल्लाहरूमा प्रमुख जिल्ला अधिकारी, स्थानीय तहमा सम्वन्धित तहका प्रमुख र वडामा वडा अध्यक्षको संयोजकत्वमा विपद् व्यवस्थापन समिति गठन गरेर पूर्वतयारीसम्बन्धी योजना बनाउनुपर्ने ऐनमा लेखेको छ।



वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली ०७७ ले कुनै पनि विकास निर्माणको कार्य थाल्नुभन्दा अगाडि त्यसको वातावरण मूल्यांकन गर्नुपर्छ, भनेको छ। तर, अधिकांश कार्यालयहरूले यो प्रक्रिया कर्मकाण्डीमा मात्र सीमित पारेका छन्। जसले दीर्घकालीन रूपमा असर पारिरहेको छ। वातावरणीय प्रभाव मूल्यांकनबिना थालिएका विकास निर्माणका योजनाहरूले जलवायु परिवर्तनसँगै मानिसको आर्थिक एवं सामाजिक विकासमा समेत नकारात्मक असर पार्छ।

**डा.विकास अधिकारी**
सहप्रध्यापक, काठमाडौं विश्वविद्यालय,वातावरण इन्जिनियरिङ विभाग



सडककै कारण दिनहुँ वनजंगल मासिँदै छ। जंगल मात्र मासिएको छैन, त्यहाँ भएका चराचुरुंगीहरूको समेत बासस्थान खोसिएको छ। लुम्बिनी प्रदेशभरि कुल ७ लाख ५० हजार हेक्टर क्षेत्रफल वन क्षेत्र छ। १५ वर्षयता वन जंगल मासेर सडक विस्तार गर्ने क्रम बढ्दै गएको हो। केही ठूला आयोजनाहरूमा वन, खानेपानी र सिँचाइ क्षेत्रको प्रभाव हेर्ने गरिए पनि गाउँ-गाउँका योजनाहरूमा बेवास्ता गर्ने गरिएको पाइन्छ। भूक्षय, क्षयीकरण, बाढी। पहिरो लगायतको समस्या यसकै उपज हुन्।

**दधिलाल कँडेल**
वन निर्देशक, वन निर्देशनालय, लुम्बिनी प्रदेश



जतातत‍ै अस्तव्यस्त रूपमा खनिएका सडक निर्माणकै कारण बाढी, पहिरोको समस्या दिनानुदिन विकराल बन्दै गएको देखिएको छ। बाढी पहिरोले तुलनात्मक रूपमा तराईमा भन्दा पहाडमा मानवीय क्षति गराएको छ। पहाडमा पुग्दापुग्दै क्षति भइसकेको हुन्छ। बाढी, पहिरोको कारण अव्यवस्थित सडक सञ्जाल, अव्यवस्थित बसोबास, विपत्तिलाई बिर्सीहाल्ने प्रवृत्ति, विपद् व्यवस्थापनमा हेलचक्रचाइँ, सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास लगायतका चुनौती देखिएका छन्।

**माधवप्रसाद श्रेष्ठ**
प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) एवं सूचना अधिकारी, लुम्बिनी प्रदेश प्रहरी कार्यालय दाङ



विकास निर्माण गर्ने कार्यालयहरूबीच प्रभावकारी समन्वय छैन। माथी बाटो खन्दा तल पानीका मुहानहरू छन् भन्ने कुरा निर्माण व्यवसायीलाई थाहा नहुन सक्छ। त्यस विषयमा स्थानीय स्तरका जनप्रतिनिधिहरूसँग समन्वय गर्नुपर्छ। एउटा विकास गर्दा अर्को विकास हुनु राम्रो मानिँदैन। गाउँघरमा अचेल परम्परागत खानेपानीका मुहानहरू भेटाउनै मुस्किल छ।

**गुणनिधि पोखेल**
सिनियर डिभिजनल इन्जिनियर एवं प्रवक्ता, सहरी विकास तथा खानेपानी मन्त्रालय लुम्बिनी

# कैलालीमा बाढीले ४३८ परिवार प्रभावित

वर्षासँगै आएको बाढीले धनगढी उपमहानगरपालिका-१९ स्थित लल्लीपुरमा रहेको सशस्त्र प्रहरीको तीनवटा भवन बगाएको छ।



**परमानन्द पाण्डे** | *टीकापुर*

नेपाल-भारत सीमावर्ती क्षेत्रको सुरक्षार्थ तैनाथ गरिएका कैलालीका सशस्त्र प्रहरी बलका बीओपी (बोर्डर आउट पोष्ट) हरू बाढीको चपेटामा परेका छन्। मोहना नदीको किनारमै स्थापना गरिएका बीओपीमध्ये ७ वटा बाढीको चपेटामा परेका छन् भने एउटा बीओपीको भवन पूर्णरुपमा मोहना नदीले बगाएको छ।

शुक्रबार राति आएको वर्षासँगैको बाढीले धनगढी उपमहानगरपालिका-१९ स्थित लल्लीपुरमा रहेको बीओपीका तीनवटा भवन बगाएको हो। लल्लीपुरको बीओपीमा २ कोठे एउटा भवन, एक सभाहल र एक/एक कोठाका दुइटा भवन रहेका थिए। बाढीले ती सबै संरचनामा क्षति पुऱ्याएको सशस्त्र प्रहरी बल नेपाल ३४ नम्बर हेडक्वाटर कैलालीका गणपति सशस्त्र प्रहरी उपरीक्षक (एसपी) दलबहादुर पाण्डेले जानकारी दिए।

'प्रिफ्याबबाट बनाइएका तीन भवनहरू मोहना नदीको बाढीले क्षति पुऱ्याएर बगेका छन्' एसपी पाण्डेले भने 'टीकापुर नगरपालिकाको क्षेत्रमा रहेका तीनवटा, भजनी नगरपालिका क्षेत्रमा रहेका तीनवटा र कैलारी गाउँपालिकामा रहेको एउटा बीओपीमा समेत बाढी पसेर क्षति पुऱ्याएको छ।'

एसपी पाण्डेका अनुसार बीओपीको संरचनामा क्षति हुँदा लल्लीपुरमा रहेको बीओपीलाई रबर बोटको सहायताले स्थानीय सामुदायिक भवनमा राखिएको हो। कैलालीको सीमा क्षेत्रमा १४ वटा बीओपी, ४ वटा प्रस्तावित गुल्म र एउटा एउटा फरवार्ड बेस छ। बीओपीमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा २५ जनाको टोली हुन्छ भने गुल्ममा डिएसपीको नेतृत्वमा ५० जनाको टोली खटिएको हुन्छ।

सीमा क्षेत्रमा हुने चोरी निकासी तथा गैरकानुनी कार्यको नियन्त्रण, सिमानामा रहेका सीमा स्तम्भको सुरक्षा, दशगजा क्षेत्रको सुरक्षा गर्न भन्दै सरकारले सशस्त्र प्रहरीलाई सीमा क्षेत्रमा सुरक्षार्थ खटाएको हो। कैलालीको दक्षिणी नदी तटीय क्षेत्रमा बर्सेनि हुने डुबान र बाढीको समस्याबाट स्थानीयवासीलाई उद्धार गर्दै आइरहेका सशस्त्र प्रहरी नै बाढीको चपेटामा परेका हुन्। कैलालीका विभिन्न नदी र मोहनामा आएको बाढीका कारण सशस्त्र प्रहरीको पोष्टहरू डुबानमा परेका हुन्।

बाढीको समयमा आफू जोगिन, हतियार जोगाउन र स्थानीयलाई उद्धार गर्नका लागि सशस्त्र प्रहरीसँग पर्याप्त उद्धार सामग्री समेत छैनन्। बर्सेनि डुबानमा पर्दै आएका बीओपीहरूलाई अग्लो सुरक्षित स्थानमा लैजान र पर्याप्त मात्रामा विपद् उद्धार सामग्रीहरूको व्यवस्था गर्न सशस्त्र प्रहरीले माग गर्दै आइरहेका छन्।

यता, तीन दिनदेखिको अविरल वर्षाका कारण कैलालीका ४ सय ३८ परिवार प्रभावित भएका छन्। जिल्ला प्रशासन कार्यालय कैलालीका सूचना अधिकारी शिवराज जोशीले दिएको जानकारी अनुसार बाढीबाट कैलालीका विभिन्न ठाउँमा ४ सय ३८ परिवार प्रभावित भएका छन्। जोशीले जानकी गाउँपालिकाका १५, कैलारी गाउँपालिकाका ५३, जोशीपुर गाउँपालिकाका ६० र भजनी नगरपालिकाका ३ सय १० परिवार बाढीबाट प्रभावित भएको बताए।

मोहना, कान्द्रा, पथरैया नदीमा आएको बाढीका कारण डुबानमा परेर घर भत्किएका १ सय ६२ परिवारलाई सुरक्षित स्थानमा राखिएको छ। सूचना अधिकारी जोशीका अनुसार जानकी गाउँपालिकाका ३२, टीकापुर नगरपालिकाका १ सय १०, जोशीपुर गाउँपालिकाका २, भजनी नगरपालिकाका १३, कैलारी गाउँपालिकाका २ र गोदावरी नगरपालिकाका ३ परिवारलाई सुरक्षित स्थानमा राखिएको छ।

# 'अनुचित लाभ लिनेहरूको प्रवेशले सहकारीमा विकृति आयो'

**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिको सुझावलाई सरकारले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्। सिंहदरबारमा शनिबार साँझ बसेको सहकारी छानबिन समिति बैठकमा उपस्थित भएका प्रधानमन्त्री ओलीले सहकारी क्षेत्रलाई व्यवस्थित गर्दै पीडितहरूलाई न्याय दिनका लागि समितिको सुझावलाई सरकारले कार्यान्वयन गर्ने बताए।

उनले सहकारीको मर्मअनुसारका नियमसंगत चलाएमा सहकारीहरू नडुब्ने र यसले कसैलाई नडुबाउने बताए। ओलीले सहकारीमा गैरसहकारी र अनुचित लाभ लिने फरक उद्देश्य लिएर आउने व्यक्तिहरूको प्रवेशले यस क्षेत्रमा विकृति आएको बताए।



अर्थतन्त्रका तीन खम्बामध्ये सहकारीलाई एक खम्बाका रूपमा संवैधानिक व्यवस्था गरिएकामा आफूहरूले अर्थतन्त्रको विकासमा सहकारीलाई महत्व दिएको उनको भनाइ छ। प्रधानमन्त्री ओलीले सरकार अनियमितता, बेथिति, ठगी, कीर्तेजस्ता गलत कामलाई नियन्त्रण गर्न सजग रहेको बताए।

बैठकमा समिति संयोजक सूर्य थापाले समितिले हालसम्म गरेका काम कारबाहीका बारेमा प्रधानमन्त्रीलाई जानकारी गराएका थिए।


**तीनपाटन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लाम्पन्टार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति: २०८१/०५/३०**

यस कार्यालयको मिति २०८१/०४/२७ गते राष्ट्रिय दैनिक र *www.bolpatra.gov.np/egp* मा निम्न कार्यको बोलपत्र आह्वान भए अनुसार प्राप्त बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसलि**

| ठेक्का नं. | कामको विवरण | व्यवसायीको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|
| TRM/W/ NCB/01/2081/082-I | Maintenance or Clearing Landslides and Drains Within Tinpatan-1, 2, 3 & 5, Sindhuli | Shuva Shree Nirman Sewa, Suryabinayak Na.Pa-3, Bhaktapur | 19,33,091.88 |
| TRM/W/ NCB/01/2081/082-II | Maintenance or Clearing Landslides and Drains Within Tinpatan-4, 6, 7 & 8, Sindhuli | Shuva Shree Nirman Sewa, Suryabinayak Na.Pa-3, Bhaktapur | 20,68,422.92 |
| TRM/W/ NCB/01/2081/082-III | Maintenance or Clearing Landslides and Drains Within Tinpatan-9,10 & 11, Sindhuli | Shuva Shree Nirman Sewa, Suryabinayak Na.Pa-3, Bhaktapur | 17,05,501.56 |

**प्रमुख प्रशासकीय अधिकृत**


# साउदीमा नेपाली कामदारलाई १६ करोड रुपैयाँ जरिवाना

**विष्णु घिमिरे** | *साउदी*



- साउदी अरेबिया आएर हालसम्म सम्पर्कमा रहेका १ सय ७७ जना नेपालीले ४६ लाख ९० हजार साउदी रियल (१६ करोड ४१ लाख ५० हजार नेपाली रुपैयाँ) जरिवाना स्वरूप तिर्नुपर्ने।
- कम्पनीअनुसार प्रत्येक व्यक्तिलाई २ हजारदेखि ३ लाखसम्म जरिवाना लगाएको छ।
- साउदीमा हाल सम्झौता अनुसारको तलब, सेवासुविधा नदिनाले नेपाली कामदार कार्यरत सम्बन्धित कम्पनीबाट भाग्ने संख्या दैनिक रुपमा बढ्दो रहेको पाइन्छ जसले गर्दा उनीहरू स्वतः अवैधानिक कामदार बन्न पुगेका छन्।

वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या दैनिक रूपमा बढ्दो क्रममा रहेको छ। विशेषगरी खाडी मुलुक जाने नेपालीको संख्या उल्लेखनीय रहेको छ। खाडी मुलुकमध्ये रोजगारका लागि साउदी अरेबियालाई दोस्रो मुलुकका रूपमा हेरिन्छ र हाल रोजगारका लागि साउदी आउने नेपाली कामदारको संख्या र माग धेरै रहेको देखिन्छ।

नेपाली कामदारलाई नेपालमा गरिने सम्झौता र साउदीमा पुगेपछि गरिने सम्झौता अलग रहेको पाइएको छ भने रोजगारका लागि जाने फ्रि भिसा फ्रि टिकट भने तापनि कामदारसँग सम्बन्धित मेनपावरले लिने खर्च भने ५० हजारदेखि २ लाखसम्म रहेको पाइन्छ।

साउदीमा हाल सम्झौता अनुसारको तलब, सेवा सुविधा नदिनाले नेपाली कामदार कार्यरत सम्बन्धित कम्पनीबाट भाग्ने संख्या दैनिक रूपमा बढ्दो रहेको पाइन्छ जसले गर्दा उनीहरू स्वत: अवैधानिक कामदार बन्न पुगेका छन्। साथै सम्बन्धित कम्पनीले विभिन्न वहानामा विभिन्न किसिमका केस हालि लाखौं रियल जरिवाना तिर्न बाध्यसमेत बनाएका छन्।

वैधानिक रूपमा कार्यरत नेपालीले आफ्नो अकामा आईडीबाट साउदीमा रहेका विभिन्न मोबाइल सिम प्रयोग गर्दा सम्बन्धित व्यक्तिलाई डिजिट कोड आउने र आएको कोड अरूलाई दिँदा अन्य थप सिमकार्ड निकालेर गलत रूपमा प्रयोग गर्दा लाखौं रियलको जरिवाना भर्नुपर्ने बाध्यता समेत रहेको छ।

नेपाली दूतावास रियादका श्रम कन्सुलरका अनुसार वैदेशिक रोजगारको क्रममा साउदी अरेबिया आएर हालसम्म सम्पर्कमा रहेका १ सय ७७ जना नेपालीले ४६ लाख ९० हजार साउदी रियल (१६ करोड ४१ लाख ५० हजार नेपाली रूपैयाँ) जरिवाना स्वरूप तिर्नुपर्ने र सम्पर्कमा नआएका धेरै हुन सक्ने अनुमान रहेको बताए।

साउदीमा रोजगारको क्रममा विभिन्न लोभ लालचमा परी सम्बन्धित कम्पनीमा काम छाडेर भाग्नेको संख्या ९० प्रतिशत रहेको र गाडी चालक, मदिरा उत्पादन, लोकल मोबाइल सिम गलत प्रयोग गरेर जरिवाना तिर्नुपर्नेको संख्या १० प्रतिशत रहेको जनाएको छ।

नेपालमा गरिएको सम्झौता अनुसारको काम नपाउने र धेरै कमाउने लोभमा परि कार्यरत कम्पनी छाडेर भाग्दा सम्बन्धित कम्पनीले विभिन्न वहानामा नेपाली कामदार माथि जरिवाना लगाउँदै आएको छ। कम्पनी अनुसार प्रत्येक व्यक्तिलाई २ हजारदेखि ३ लाखसम्मबजरिवाना लगाएको छ। कतिपय जरिवानाको केस सम्बन्धमा समयमा अदालतको फैसलामा उपस्थित नभएर म्याद सकिएलगतै फैसला अनुसार जरिवाना बढ्दै जाने छ।

साउदीमा अर्को ठूलो समस्या भनेको एक व्यक्तिको नामको अकामा आईडीमा अरू कसैले १० वटासम्म मोबाइल सिमकार्ड निकालेर दुरूपयोग गरेर आइडीबाट निकालेको व्यक्तिले अनावश्यक रूपमा ५ हजारदेखि २ लाख साउदी रियलसम्म जरिवाना तिर्नुपर्ने अवस्था रहेकाले दूतावासले साउदीमा कार्यरत नेपालीलाई आफूले चिनेको र सम्बन्धित कम्पनीमा कामबाहेक अरू कसैलाई आफ्नो अकामा आईडी वा कपि नदिन आग्रहसमेत गरेको छ।

नेपाली दूतावास रियादले साउदी सरकारसँगको समन्वयमा साउन महिनाभित्रमा २ सय ६१ जना नेपाली कामदारको बहिर्गमन भिसा उपलब्ध गराएको छ। जसमा ८४ जना एक्जिट लागेका र १ सय ७७ जना अकामा नवीकरण नगरिएका रहेका छन्।

दूतावासका अनुसार साउदीको विभिन्न कम्पनीमा कार्यरत रहँदा अनुमतिपत्र 'अकामा' नवीकरण नगरिएका कारण स्वदेश फर्कन चाहने नेपालीलाई स्वदेश फर्काउन आवश्यक बहिर्गमन भिसा सहज र सरल रूपमा प्रदान गर्नका लागि साउदी सरकारलाई लामो समयदेखि आह्वान गरेको थियो। दूतावासले बहिर्गमन भिसा प्राप्तिका लागि साउदीमा कार्यरत नेपालीको अकामाको म्याद सकिएको ३ महिनाभन्दा बढी भइसकेको हुनुपर्ने, साउदी आएको ३ महिनाभन्दा बढी समयसम्म पनि अकामा नबनाइदिएका वा हुरूब लागेका व्यक्तिको मात्र दूतावासबाट एक्जिट भिसा प्रोसेसिङ गर्न सकिने, अकामाको म्याद भएकाहरूको एक्जिट भिसा प्रोसेसिङ राजदूतावासबाट गर्न नमिल्ने साथै कुनै केस वा जरिवाना छ भने उक्त व्यक्तिको एक्जिट भिसा नलाग्ने जनाएको छ।

बहिर्गमन भिसा प्राप्त गर्नका लागि प्रोसेसिङ नि:शुल्क हुनेछ भन्ने दूतावासले नेपाली कामदारहरूको समस्यालाई न्यूनीकरण गर्न विभिन्न माध्यमबाट सहजीकरण गरे तापनि दूतावास कर्मचारीको संख्या कमी, स्रोत साधनको कमीले गर्दा समयमा पीडित नेपाली कामदारलाई उद्धार गर्न असहज महसुस भएको देखिन्छ जसका लागि दूतावासले साउदीमा रहेका विभिन्न भ्रातृसंगठन, एनआरएन, जिल्ला, जातीय तथा व्यक्तिको सहयोगमा अलपत्र परेका नेपाली कामदारलाई सहयोग गर्दै आएको छ।


**गोकुलगंगा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रस्नालु, रामेछाप**
**बगमती प्रदेश, नेपाल**

**आन्तरिक आय तर्फको सिलबन्दी दरभाउपत्र ठेक्का बढाबढ आव्हान सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :- २०८१/०५/३० गते**

स्थानिय सरकार संरचना ऐन २०७४ दफा ११ उपदफा (२) को खण्ड घ को उपखण्ड (४) र सोही ऐनको दफा ६१, ६२ मा भएको व्यवस्था र गोकुलगंगा गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची ५ मा तोकिएको दररेट बमोजिम आ.व. २०८१/०८२ को तपशिलमा उल्लेखित न्यूनतम ठेक अकंमा बढाबढ गरि गोकुलगंगा गाउँपालिका क्षेत्रको जडीबुटी, कवाडी, जीवजन्तु, तथा स्थानीय उत्पादन कर संकलन आन्तरिक आयको लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने हुदाँ इच्छुक योग्य फर्महरुले देहायको मिति र समय भित्र रितपूर्वक दरभाउपत्र खरीद गरि तोकिएको म्याद भित्र सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशलि**

| आय ठेक्का नं. | विवरण | परिमाण | इकाई | न्यूनतम दरभाउपत्र रकम (मु.अ.क. बाहेक) | दरभाउपत्र दस्तुर | धरौटी रकम | दरभाउपत्र खरीद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| GRM/SQ/ IR/02/ 2081/082 | गोकुलगंगा गाउँपालिका क्षेत्रको जडीबुटी, कवाडी, जीवजन्तु, तथा स्थानीय उत्पादन कर संकलन (Collection of Internal Revenue Fee for Herbs, Kavadi, Animals, and Local Production) | १ | एकमुष्ट | २०००००.०० | ३०००.०० | मु.अ.कर समेतको कबोल अङ्कको ५% ले हुन आउने रकम वा ९० दिन म्याद भएको वैकं जमानत। | २०८१/०६/१३ आइतवार कार्यालय समय भित्र | २०८१/०६/१४ सोमवार दिन को १२:०० बजे भित्र | |

**ठेक्का सम्वन्धि सर्तहरु:-**

१) दररेट :- गोकुलगंगा गाउँपालिकाको आर्थिक ऐन २०८१ को मा तोकिएको बमोजिम हुनेछ।
२) माथि उल्लेखित विषयको लागि दरभाउपत्र फारम कार्यालय बाट खरिद गरि निर्धारित समय भित्र दरभाउपत्र भरि सिलबन्दी खाम साथ कार्यालयमा वुझाउनु पर्नेछ।
३) दरभाउपत्र पेश गर्दा आफुले कबोल गरेको मु.अ.क. सहितको रकमको ५ प्रतिशतले हुन आउने धरौटि रकम यस कार्यालयको सिद्धार्थ बैंक रस्नालु शाखा रामेछापमा रहेको धरौटि खाता (Gokulganga Gaupalika Dharauti Khata, 03615031610 (for Bid security for cash Deposit) मा जम्मा गरेको सक्कलै बैकं भौचर वा दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति बाट कम्तिमा ९० (नब्बे) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य वैकबाट यस कार्यालयको पक्षमा जारि भएको सक्कलै वैकं जमानि पत्र (Bank Bid Bond) अनिवार्य रुपमा समावेश गर्नुपर्ने छ।
४) दरभाउपत्र भर्दा आफुले कवोल गरेको रकम अकं र अक्षरमा स्पष्ट लेखि पेश गर्नुपर्ने छ। अकं र अक्षरमा लेखिएको रकम लाई मान्यता दिइने छ।
५) दरभाउपत्र स्विकृत सम्वन्धि जानकारी प्राप्त भएको मितिले १५ दिन भित्र कवोल अकंको १०० प्रतिशत रकम (मु.अ.क.समेत) रकम बैकं दाखिला गरि कार्य सम्पादन जमानत पत्र सहित सम्झौत गर्न आउनु पर्ने छ।
६) ठेकेदार सम्झौतामा तोकिएको विषय क्षेत्रमा दरभाउपत्र फारम साथ सलंग्न दररेट बमोजिम मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउने छ। कर तथा सेवा शुल्कको दररेट दरभाउपत्र फारम साथ उपलब्ध गराईने छ। साथै संकलन केन्द्रमा शुल्क तथा दस्तुरको दररेट सहितको सुचनाका साइनबोर्ड राख्नु पर्नेछ।
७) ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धि कुनै किसिमको झैझमेला तथा विवाद पर्न आएमा सोको समाधान प्रचलित कानुन बमोजिम हुनेछ।
८) ठेक्का कवोल गर्ने ठेकेदारले गोकुलगंगा गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने सकंलन तथा विक्रि तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फ बाट छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ। प्रमाणित नगरेको रसिदबाट कर उठाइएको पाइएका नियमानुसार कार्वाहि गरिने छ।
९) प्राप्त दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालमा सुरक्षित रहने छ।
१०) उपरोक्त अनुसार उल्लेख भएका सर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ।
११) अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# बभाङ्डी भूकम्प प्रभावितको बेवास्ता

२०८० असोज १६ गते बभाङ केन्द्रबिन्दु भएर गएको भूकम्प ६.३ म्याग्निच्युटको थियो। जुन दिन भूकम्प आयो, ठूलो हलचल तथा कम्पन भयो। घरगोठहरू भत्कायो। भूकम्पको केन्द्र बभाङ भए पनि धेरै प्रभाव बाजुरा जिल्लामा पर्‍यो। भूकम्प गएको समय बितेर गए पनि त्यसको सामाजिक र आर्थिक कम्पन्नहरू झन्झन् ठूलाठूला हुँदै गएका छन्। भत्किएका घर छाडेर धेरै पाल र टहराको सहारा लिएका थिए। सरकारले घरै बनाइदिने भन्दै पैसाको आश्वासन बाँडेको थियो। २५ हजार रुपैयाँ पनि नदिएको होइन। तर, २५ हजारमा घर कस्तो बन्छ ? जग पनि हाल्न मिल्छ र ? घर बनाइसकेपछि थप २५ हजार पनि दिने भनेको थियो सरकारले।

त्यसैले ऋणमौलो गरी कतिपयले घर बनाए। ऋणका लागि साहुमहाजन र सहकारी धाए। सरकारले दिइहाल्छ क्यार भन्ने थियो। दुईचार महिना मात्रैको ब्याज न हो भन्ने थियो। तर यतिका समयसम्म पनि सरकारले अर्को किस्ता दिएन। बरु त्यही ऋणको ब्याजले सावाँको दोब्बर पुग्ला भन्ने डरमा भूकम्प प्रभावितहरू छन्। ५० हजारमा अस्थायी आवास बनाउने भन्ने थियो। त्यसैले पनि बाजुरेलीलाई ऋणको विपद्मा धकेलेको छ। घरै बनाउन दिने ५ लाख रुपैयाँको त अत्तोपत्तो नै छैन। बभाङ भूकम्पले सबैभन्दा बढी खप्तड छेडेदह गाउँपालिकामा ९ सय ६६ परिवारलाई विस्थापित गरेको छ। बुढीगंगा नगरपालिका, बडिमालिका नगरपालिकाका, त्रिवेणी नगरपालिका, बुढीनन्दा नगरपालिका, गौमुल गाउँपालिका र स्वामीकात्तिक खापर गाउँपालिकामा पनि थुप्रै विस्थापित भए। पहिलो किस्ता दिएर दोस्रोचाहिँ सरकारले अड्काएको छ।

यसरी, भूकम्प प्रभावित अस्थायी छाप्रोमै दिनरात बिताउन बाध्य छन्, जहाँ सुत्केरी, बालबालिका, बिरामी र वृद्धवृद्धाको जीवन अत्यन्तै कष्टकर छ। १३ जनासम्मको परिवार कोचिएर छाप्रोमा ओत लागेका छन्। पैसा नदिनलाई पालिका र प्रशासनसँग बहाना छन्। बहानाले प्रभावितहरूको घर बन्दैन। सुदूरपश्चिम र त्यसमा पनि बभाङ, बाजुरा गरिबीको रेखामुनि धेरै जनसंख्या भएका ठाउँ हुन्। यसैले हुनुपर्छ। निर्धो नागरिकको पक्षमा कसैले आवाज उठाएको पनि छैन र संघीय सरकारले पनि सुनेको छैन। बाजुरा पूरापूर बेवास्तामा परेको छ। संघले नदेखे पनि स्थानीय र प्रदेश सरकारले बाजुरेलीको दुःख देख्न सक्नुपर्छ। सके आफैंले नसके संघ गुहारेर भए पनि प्रभावितहरूलाई आवासको व्यवस्था गर्नुपर्छ।


# सम्बन्धको कसीमा नेपाल-भारत

नेपाल-भारत सम्बन्धमा विभिन्न चुनौती देखा परे तापनि द्विपक्षीय सम्बन्ध मजबुत रहँदै आएको छ।



डा. विधुप्रकाश कायस्थ

अग्रमत




सन् १९५० को जुलाई ३१ काठमाडौंमा सम्पन्न गरिएको शान्ति र मित्रता सन्धिमार्फत आफ्नो दीर्घकालीन सम्बन्धलाई भारत र नेपालले औपचारिकता दिएका हुन्। यो सन्धिमा भारतीय राजदूत चन्देश्वरप्रसाद नारायण सिंह र नेपालका तत्कालिन राणा प्रधानमन्त्री मोहन शमशेर राणाले हस्ताक्षर गरेका थिए। सन्धिले दुई राष्ट्रबीचको लामो समयदेखि चलिरहेको शान्ति र मित्रतालाई पुनः पुष्टि गरेर एक अर्काको सार्वभौमिता र भौगोलिक अखण्डतामा आपसी सम्मानको महत्वलाई जोडेको छ। दुवै सरकारले आफ्नो सम्बन्धलाई प्रभावित गर्न सक्ने छिमेकी राष्ट्रहरूसँगको सम्भावित तनावलाई सम्बोधन गर्न खुला सम्पर्क कायम राख्न प्रतिबद्धता जनाएको छ।

कूटनीतिक सम्बन्धलाई सुदृढ गर्न, सन्धिले कूटनीतिक सम्बन्ध कायम राख्ने प्रावधानहरू स्थापित गरेको छ। यसमा अन्तर्राष्ट्रिय मानकअनुसार कूटनीतिक विशेषाधिकार र प्रतिरक्षा प्रदान गर्ने र राजदूतहरू नियुक्तिहरूका लागि अनुमति दिने कुराहरू समावेश छन्। यो सन्धिले दुवै देशका नागरिकहरूलाई औद्योगिक र आर्थिक सहभागितामा राष्ट्रिय उपचार प्रदान गर्ने साथै सम्पत्ति स्वामित्व र व्यापार अधिकारजस्ता अन्य विशेषाधिकार पनि सुनिश्चित गरेको छ।

यो सन्धिले भारतको तर्फबाट ब्रिटिस सरकारसँग भएको सबै पुराना सम्झौता खारेज गरेर द्विपक्षीय सम्बन्धमा नयाँ अध्यायको सुरुवात गर्‍यो। सन्धि हस्ताक्षर गरेकै दिनदेखि लागू भएको थियो। कुनै पनि पक्षले एक वर्षको सूचनासहित यसलाई समाप्त गर्न सक्ने व्यवस्था राखेको छ। यस सन्धिले दुवै राष्ट्रको शान्ति, आपसी सम्मान र सहयोगमा आधारित बलियो साझेदारी निर्माण गर्ने उद्देश्यलाई रेखांकित गरेको छ। ऐतिहासिक रूपमा सन् १९२३ को नेपाल-ब्रिटेन सम्झौताले नेपालको सम्प्रभुता र स्वतन्त्र विदेशी नीति राख्ने अधिकारलाई पुष्टि गरेको छ। साथै सन् १९४७ को ब्रिटिस-नेपाल-भारत त्रिपक्षीय सम्झौताले नेपाली नागरिकलाई ब्रिटिश र भारतीय सशस्त्र बलहरूमा सेवा गर्न अनुमति दिएको छ।

भारत, पाकिस्तान, बंगलादेश, अफगानिस्तान र श्रीलंकाजस्ता सार्क सदश्य देशहरू ब्रिटिस उपनिवेशीय शासनअन्तर्गत रहेको भए तापनि नेपाल कहिल्यै उपनिवेशित भएन। एक सय चार वर्षको निरंकुश राणा शासन् (सन् १८४६-१९५१)को दौरान ब्रिटिस इन्डियाले नेपालसँग एक विशिष्ट सम्बन्ध कायम राखे। शाहवंशीय राजालाई एक सांकेतिक भूमिकामा घटाएर राणा शासकहरूले एक अधिनायकवादी प्रणाली स्थापित गरे। प्रमुख सरकारी पदहरू राणा परिवारभित्र विरासतका रूपमा थिए। भारतको स्वतन्त्र भएको चार वर्षपछि नेपालमा सन् १९५१ मा राणा शासनको अन्त्य भएपश्चात लोकतान्त्रिक सुधारहरू प्रारम्भ भयो। स्वतन्त्रतापछि भारतले नेपालको राजनीतिक र आर्थिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालले भारतको प्रभावको बीचमा आफ्नो सम्प्रभुता र सांस्कृतिक पहिचान कायम राख्न प्रयास गरेको छ।

**नयाँ युग – भूमण्डलीकरण र परस्पर क्षेत्रीय निर्भरता** : सन् १९९० देखि सन् २०२४ सम्म नेपाल-भारत सम्बन्धको मार्गचित्रले नेपालमा भएका महत्वपूर्ण राजनीतिक परिवर्तनहरूलाई महत्वपूर्ण रूपमा प्रभावित भएको छ। यि परिवर्तनहरूमा माओवादी विद्रोह र अन्ततः राजतन्त्रको अन्त्य पनि समावेश छन्। सन् १९९० मा नेपालले बहुदलीय लोकतन्त्रमा पुनःप्रवेशसँगै लोकतान्त्रिक सुधारहरूको एक युगमा प्रवेश गरे। यस परिवर्तनकारी चरणमा भारतले नेपालको लोकतन्त्रमा परिवर्तनलाई समर्थन गर्नुका साथै सहयोग र साझा चासोमा आधारित एक नजिकको सम्बन्धलाई प्रोत्साहित गरेको छ। सन् १९९० को दशकमा माओवादी विद्रोहको उदयले नेपाल-भारत सम्बन्धलाई पनि प्रभावित गर्‍यो।

> एक्काइसौं शताब्दीले नेपाल-भारत सम्बन्धमा नयाँ चुनौतीहरू र अवसरहरू प्रस्तुत गरेको छ। प्रमुख चुनौतीहरूमा भू-राजनीतिक तनाव, वातावरणीय मुद्दाहरू र राष्ट्रिय सम्प्रभुता बारेका चासोहरू छन्।

सन् १९९६ मा नेपाल कम्युनिस्ट पार्टी (माओवादी)ले राजतन्त्रलाई समाप्त गर्ने र जनतान्त्रिक गणतन्त्र स्थापना गर्ने लक्ष्यसहित एक हिंसात्मक विद्रोह सुरु गर्‍यो। यसका परिणामस्वरूप भएको संघर्षले अन्तर्राष्ट्रिय ध्यान आकर्षित गर्‍यो र भारतको लागि सुरक्षा चासोहरू बढायो। छिमेकी मित्रको रूपमा भारतले शान्ति प्रयासहरूमा महत्वपूर्ण भूमिका खेलेको छ। भारतले शान्ति प्रक्रियालाई समर्थन गर्‍यो र नेपाल सरकार र विद्रोही पक्षका बिच सन् २००६ मा भएको बृहत शान्ति सम्झौतालाई समर्थन गरे। यस सम्झौताले दश वर्षको विद्रोह समाप्त गरेर माओवादी लडाकूहरूलाई राजनीतिक मुख्यधारामा समावेश गरे। संविधान सभामार्फत् सन् २००८ मा राजतन्त्रको समाप्ति र नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो।

भारतले यस संक्रमणलाई स्वागत गर्दै नयाँ गणतान्त्रिक ढाँचामा नेपालको राजनीतिक र आर्थिक विकासलाई समर्थन गर्दै रहेको छ। नेपाल-भारत सम्बन्धमा विभिन्न चुनौती देखा परे तापनि द्विपक्षीय सम्बन्ध मजबुत रहँदै आएको छ। व्यापार, सुरक्षा, र विकासमा लगातार सहयोग जारी छ। साझा इतिहास र भू-राजनीतिक चासोहरूले यस विकासशील साझेदारीलाई आकार दिने महत्वपूर्ण भूमिका खेल्न जारी राखेका छन्।

**चुनौती र अवसर** : एक्काइसौं शताब्दीले नेपाल-भारत सम्बन्धमा नयाँ चुनौतीहरू र अवसरहरू प्रस्तुत गरेको छ। प्रमुख चुनौतीहरूमा भू-राजनीतिक तनाव, वातावरणीय मुद्दाहरू र राष्ट्रिय सम्प्रभुता बारेको चासोहरू समावेश समावेश भए तापनि सुदृढ सहकार्यका लागि महत्वपूर्ण अवसरहरू पनि देखा परेका छन्। पूर्वाधार विकास र संयुक्त परियोजनाहरूले साझेदारीलाई बलियो बनाउन आशाजनक मार्गहरू प्रस्तुत गर्छन्। आर्थिक सहयोगको वृद्धि, सांस्कृतिक आदानप्रदान र पर्यटन र शिक्षामा संयुक्त प्रयासहरूले दुवै देशका लागि महत्वपूर्ण लाभ प्रदान गर्न सक्छ।

**आर्थिक सम्बन्ध र विकास सहयोग** : आर्थिक अन्तरक्रियाहरू नेपाल-भारत सम्बन्धको आधारभूत तत्व भएका छन्। भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र एक प्रमुख लगानी र सहायता स्रोत हो। प्रमुख सहयोगका क्षेत्रहरूमा पूर्वाधार परियोजनाहरू र ऊर्जा विकासको लक्ष्य राखेका व्यापार सम्झौताहरू समावेश छन्। यद्यपि व्यापार असन्तुलन, भारतीय आर्थिक नीतिहरूको नेपालको बजारमा प्रभाव र भारतीय सहयोगप्रति निर्भरता जस्ता चुनौती बाँकी छन्।

**आशावादी भविष्य** : वर्तमान २१औं शताब्दीका जटिलताहरूलाई देखा पर्दै रहेको अवस्थामा भारत र नेपाल दुवै मुलुकमा सम्बन्ध महत्वपूर्ण रूपमा विकसित हुने सम्भावना छ। राष्ट्रिय चासोहरू र विकासका अवसरहरूबीच सन्तुलन राख्नु अनिवार्य हुनेछ। साझा धरोहर र रणनीतिक अवसरहरूको मान्यता र उपयोग गरेर दुवै देशहरूले समृद्ध र समन्वित भविष्यतर्फ अगाडि बढ्न सक्छन्। सारांशमा, आजको नेपाल-भारत सम्बन्ध ऐतिहासिक सम्बन्ध, आर्थिक साझेदारी, सांस्कृतिक आदानप्रदान र भू-राजनीतिक कारकहरूको एक जटिल मि श्रण हो। नीति-निर्माता, बुद्धिजीवी र नागरिकहरूको आपसी समझदारी र संलग्नताले दुवै देशको उज्ज्वल भविष्यको मार्गप्रसस्त गर्न सकिन्छ।

# भन्ने मानव, बन्ने दानव !



राजकरण महतो

भुइँमान्छे



गरिबी र बेसहाराले लचार थिइन् तर सत्कर्म गरेरै जीवन चलाइरहेकी थिइन्। त्यसैले पसिनाकै सुवासमा रमाइरहेकी थिइन्। सायद रुवी (नाम परिवर्तन)ले जिन्दगीको साँचो अर्थ बुझेकी थिइन्। यस्तै गरिब जीवनको मैदानमा यौन पिपासु उमेश मण्डल (४४)ले रुवीमा आँखा गाडे। जालमा पारे। अनि रुवीलाई लुटे, लुटिरहे।

अति भएपछि उनले प्रतिकार गरिन्। उल्टै करेन्ट लगाएर यातना दिए उनले। अनि इज्जत लुटिरहे। तै पनि उनको जीवनमाथि उमेशले धावा बोलिरहे। त्यसरी मानौं जसरी गिद्धले मरेको सिनोको हड्डी पनि ठुँगिरहन्छ। '...यो क्रम १८ भदौ २०८१ को रातभर चल्यो। बलात्कार गरेको रिपोर्ट पनि आएको छ। करेन्ट लागेर हातका औंलाहरू जल्दा रुवीले औंलाहरू गुमाउनु परेको छ', जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी सन्तुलालप्रसाद जैसवाल भन्छन्, 'पीडाको त कुरै नगरौं, कति हो। धन्न उनी बाँचिछन्।'

घटना सुन्दै जीउ सिरिङ्ग हुन्छ। रुवीले त्यो पीडा कसरी सहिहोलिन् ? कसरी बाँचिहोलिन् ? पीडामाथि पीडा अनि दुःखमाथि दुःख। यो जसलाई पर्‍यो, उसैलाई थाहा हुन्छ पीडा कस्तो हुन्छ भनेर! मृत्युलाई जितेर फर्केकालाई थाहा हुन्छ सायद जीवनको महत्व। रुवीले पुनर्जीवन पाएकी छन्। पापीले लगाइदिएको करेन्टले उनका दाहिने हातका औंलाहरू जलाइदिएको छ। अहिले उनी प्रादेशिक अस्पताल जलेश्वर महोत्तरीमा उपचाररत छन्।

**भन्ने मानवता, देखाउने दानवीयता** : कहिले होटलमा त कहिले चिउरा मिलमा काम गर्थिन रुवी। होटलमा भाँडा मस्काउने उनलाई साहुले कामबाट निकालिदिए। दुःखमा सुख बोकेर आए उमेश मण्डल उनको सामु। मानवताको छाता ओढाउँदै उपचार गराइदिने र काम खोजी दिने भन्दै। त्यही होटलमा चिनजान भएपछि उमेशले उसको मोबाइल नम्बर लिएका थिए।

रुवी भन्छिन्, 'बगाउन लागेको खोलामा एउटा छेस्को पनि सहारा हुन्छन् भन्ने सुनेकाले आश लाग्यो।' बाल्यकालमै बुवाआमा गुमाइन् उनले। भएको विवाह पनि टुटेको थियो उनको। एकपछि अर्को पीडा! पीडैपीडाको समुन्द्रमा डुबेको छ रुवीको २२ वर्षे जिन्दगी आजसम्म। बेसहारा बनेकै कारण उनी होटलको कामदार बन्न बाध्य भइन्। अनि अहिले त्यही भेट हुँदा सहारा दिन्छु भन्नेबाटै शिकार बनिन्।

कुरो हो, भदौ १८ गते दिउँसोको। विरामी रुवीलाई उमेशले प्राथमिक स्वास्थ्य केन्द्र रामगोपालपुरमा लगे। जहाँ उनले मानवताको नाटक गरे। साँझ परेकाले झुक्याएर घर लगे। रात बित्दै गयो। उमेशको मानवता हराउँदै गयो। पिउँदै नसामा लट्ठिँदै उनी रुवीको इज्जतमाथि धावा बोल्न थाले। कपडा च्यातिदिए। उनले प्रतिकार गरिन्। उमेशले रुबीको शरीरमा करेन्ट लगाइदिए। दाहिने हात जल्यो। धन्न बाँचिन्। यौन पिपासु उमेशले पटक-पटक बलात्कार गरिरहे। अन्ततः यतिबेला रुवी बाँच्ने अभिलाषामा अस्पताल छन्। तथ्यांक हेर्ने हो भने थाहा हुन्छ, सयौं रुवी यसरी नै बलात्कृत छन्, अन्यायमा छन्। किनकि बितेका तीन आर्थिक वर्षमा मधेस प्रदेशमा बलात्कारका ९ सय २२ घटना भए। त्यसमा ५ सय १५ आरोपी पक्राउ परे। बाँकी अझै फरार छन्।

**करेन्ट लगाएर बचाउने नाटक** : घरमा भदौ १९ गते बिहानको समय। रामगोपालपुर नगरपालिका–३ डोलाठीतिरबाट हुइँकिँदै एम्बुलेन्स आयो। प्राथमिक स्वास्थ्य केन्द्रमा एम्बुलेन्स पुगेर ब्रेक लगायो। त्यसमा थिइन्, घाइते रुवी छट्पटिँदै। उनै पापी उमेशले रुवीलाई बनाएका थिए, यस्तो हालतमा। अनि अस्पताल ल्याएका थिए। 'करेन्ट लाग्यो' भनेर नाटक रच्दै बचाउने बहानामा। जब रुवी भर्ना भइन् तब उमेश त्यहाँबाट कुलेलम ठोके सम्भवतः यहाँ बसिरहे अब पक्राउ परिन्छ भन्ने डरले।

बिहानको चार ४ बज्दै थियो। स्वास्थ्यकर्मीले फोन गरे, 'करेन्ट लागेको बिरामी आएको छ। बिरामी ल्याउने मान्छे कहाँ गयो गयो, पत्तो छैन। प्रहरी टोली पठाइदिनु परो।' प्रहरी अस्पताल पुग्यो। पीडित रुवीले घटनाबारे इतिवृत्तान्त सुनाइन्। लगत्तै उमेशलाई प्रहरीले पक्रियो अनि सोधपुछ गर्‍यो। घटना स्वीकार गर्न इन्कार गरे उमेशले। रुवीको स्वास्थ्य परीक्षण गर्दा रिपोर्टले भन्यो, बलात्कार भएको हो।

**विवशतामा पारेर बलात्कार** : होटलमा काम गर्दा कसैले मालिकलाई कुरा लगाइदियो। अनि निकालिइन् उनी। यो सबै गर्ने मान्छे पनि उमेशकै थिए। आउने-खाने क्रममा चिनजान भयो उमेशको रुवीसँग। चिनजान भएको ८–१० दिनमै फोन नम्बर साटासाट भयो। 'बर्दिबास लगेर राम्रो काम लगाइदिन्छु' उमेशले रुवीलाई फकाए। तर, रुवीले उमेशले आफूलाई जालमा पार्न लागेको थाहा पाइनन्। इलाका प्रहरी कार्यालय रामगोपालपुरका प्रमुख रामकुमार यादवका अनुसार त्यो दिन वर्षा हुँदै थियो। त्यो बहानामा उमेशले रुवीलाई आज मेरो घर बस भन्दै घर लगेको थियो।

घर पुग्दा ६–७ बजिसकेको थियो। 'मेरो घरमा परिवार छ। छोरोछोरी छ। यतै बस। भोलि बर्दिबास लगेर काम लगाइदिन्छु' भनेपछि रुवी मख्ख थिइन् जीवनको नयाँ अध्याय सुरु हुने अपेक्षामा। घर पुग्दा कोही नभएपछि उनी डराइन्। फर्किने प्रयास गरिन्। तर, उमेशले माछाभात खुवाउने भनेर अल्झाए। अर्को जाल फालेर अल्झाएको पनि उनलाई पत्तो भएन कि! उमेश परिवार र छोराछोरी कसैलाई घरमा बस्न दिँदैनन्। अराजक तथा हिंस्रक मानसिकता भएकाले सँगै बस्ने अवस्था भएन सायद। यसरी उनले श्रीमती र सन्तानलाई घरबाट लखेटेका थिए जुन रुवीले थाहा पाउने कुरै भएन। प्रहरी भन्छन्, 'यसरी रुवीलाई लछारपछार गर्‍यो उमेशले। कपडा च्यातिदियो, करेन्ट लगाइदियो। दायाँ हात नै जलाइदियो। गर्नसम्म गर्‍यो, अनेक गर्‍यो।'

**न्याय देउ सरकार** : 'बचाऊ, बचाऊ!', घटना हुँदा उनले गाउँलेसँग गुहार मागिन्। रोइन्, चिच्याइन् अनि कराइन्। उनको बोली दबाउन उमेशले करेन्ट लगाइदिए। मुख बन्द गरे। बलात्कार गरे, गरिरहे। अति भएपछि उनी बेहोस भएर भुइँमा ढलिन्। मध्यरातपछिको बिहान सुरु भयो, त्यस्तै ३–४ बजेको हुँदो हो। करेन्ट लाग्यो भनेर घटना लुकाउन उमेशले योजना बनाए र एम्बुलेन्सलाई खबर गरेर रुवीलाई अस्पताल पुर्‍याए अनि भागे। अस्पतालमा रुवी जीवन-मरणको दोसाँधमा छन्। उमेश प्रहरी खोरमा। जबर्जस्तीकरणी भनी मुद्दा दर्ता गरेर प्रहरीले अनुसन्धान बढाएको छ। रुवीहरू जस्ता सयौं भुइँमान्छेले न्याय पाउनैपर्छ। अझ, भन्नैपर्दा, यस्तो अवस्था आउन नदिने कि ?

## टक्कर

मिसन २०८४ मा ४-५ लाख जति मत ल्याए राष्ट्रिय पार्टीमा अडिएला कि !



केपी शर्मा ओली
प्रधानमन्त्री

'हिंसा' शब्द प्रयोग गरेर एमालेले माओवादी आन्दोलनलाई अपमान गरेको छ ।



पुष्पकमल दाहाल 'प्रचण्ड'
अध्यक्ष, माओवादी केन्द्र

## अनलाइन चौतारो

**Yubaraj Sangroula**
1d ·

अराजकताका विरुद्ध आवज उठ्नुपर्छ। देशको उच्च शिक्षा भष्म पारीसके। राजनीति दलका कठपुतली बन्नुपर्ने बाध्यता र बन्न रहर गर्ने स्वार्थीहरु यस्का कारण हुन। प्राध्यापनलाई जागीर बनाएका हरामहरु नेतासंङ्ग सांठगांठ गर्छनं। इमान्दारलाई ठोक्छन। यो तब सम्म चलीरहन्छ जब सम्म प्राध्यापक कसैको झोला बोक्छन। नेपालको शिक्षालाई बचाउन आवास्यक छ। यस्ता निन्दनीय कार्यको भत्सर्ना हुनुपर्छ।

**Ramchandra Ghimire**
@rcghimire1990

मिहिनेतले काम गर्ने पनि कतिपय ठेकेदार होलान्।कालोसूचीमा नपरेकाले काम गर्ने अबसर उपलब्ध हुनुपर्यो।त्यसमा कमिसन अन्तर्राष्ट्रीय मान्यताको हुनुपर्यो।काम गर्न नसक्ने गरी काम लियो/दियो भने परिणाम नकारात्मक नै आउछ।बिग्रेको राजनीति र समाजले यतातिर कसरी सोच्लार खै!

**Ramesh Koirala**
@EliteInTheSKY

सरकारसँग अहिले रिजर्भ पनि छ, अबको ५ वर्ष Physical Infrastructure मा चाहिने कच्चा पदार्थ, मेसिन, उपकरण र सवारीसाधनहरूमा कस्टम र एक्साइज ड्युटी फ्री गर्नुपर्‍यो । हाम्रो देशमा engineer को संख्या पर्याप्त छदै छ, तर गुणस्तरमा अलिकति कमी हुन सक्छ, यसो गरे छिटो विकास गर्न सकिन्थ्यो कि

**Surya Raj Acharya**
@SuryaRAcharya

पूर्वाधार निर्माणको आन्तरिक क्षमता सबल छ भने लगानिका लागि आन्तरिक पुँजि परिचालन तथा आयोजनाको कार्यान्वयन सहज हुन्छ। विदेशी पैसा र विदेशी कन्सल्ट्यान्ट तथा ठेकेदार माथिको निरन्तरको परनिर्भरताले पूर्वाधार विकास संभव छैन। त्यसैले समग्र निर्माण उद्योगको प्रबर्धन र संरक्षण जरूरी छ।

**रमेश वाग्ले**
@Rameshpost

दसैँलक्षित सर्वोच्चको अल्पकालीन आदेश– चर्को आवाज बनाएर मोटरसाइकल तिब्र गतिमा नहाक्नु, गाडिमा यात्रुको इच्छाविपरित लाउडस्पिकर नबजाउनु, सिट क्षमताभन्दा बढी यात्रु नराख्नू, लामो दुरीमा दुई चालक अनिवार्य राख्नु

**Bimal Pokharel**

आइएदेखि एमए पढ्दासम्म धेरै क्याम्पस प्रमुख देखिएको, भोगिएको छ । पार्टी र सत्ताको आड लिएर क्याम्पसमा भ्रष्टाचार कसरी हुन्छ भन्ने पनि थाहा छ । परिवारका व्यक्ति फेसबुकमा आएर रुँदैमा केही पत्याइन्न । अफू क्याम्पस प्रमुख हुँदा कुनै पार्टीको झोला बोकेर हुने, अनि परिवारका सदस्यलाई फेसबुकमा रुन लगाएर भाग्ने ? ती क्याम्पस प्रमुख कुन पार्टीका रहेछन् भन्ने कुरा पत्ता नलगाइकन केही भन्न सकिएन । एउटा क्याम्पस प्रमुखको हैसियतले आफू सही अडानमा अडिन सक्नुपर्छ । नसके वास्तविकता सार्वजनिक गरेर राजीनामा दिएर हिंड्ने हो । आफू घरमा लुकेर, परिवारका व्यक्तिलाई फेसबुकमा रुन लगाउने होइन ।

## वचन



भीम रावलका कारण सुदूरपश्चिम एमालेमा समस्या देखियो ।

लेखराज भट्ट
सचिव, नेकपा एमाले

# अर्थतन्त्र



सुनचाँदीको भाउ

छापावाल सुन : १५६,३००
चाँदी : १८६०

(प्रतितोला रुपैयाँमा)




## पर्यटकको चहलपहलले बढायो स्थानीयको आयआर्जन

- वर्दिया राष्ट्रिय निकुञ्जमा जैविक विविधता हेर्न पर्यटक आउँदा राजस्वमा वृद्धि
- पर्यटकीय होटलमा उत्पादन खपतले स्थानीयलाई आयआर्जनमा राहत



**यादव आचार्य** | *गुलरिया*

पश्चिम तराईकै पर्यटकीय गन्तव्य बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटकको संख्या बढेको छ। बाघलगायत जैविक विविधता हेर्नकै लागि निकुञ्जमा पर्यटकको चहलपहल बढेसँगै कोभिडपछि निराश बनेको पर्यटन क्षेत्रमा आशा पलाएको छ। निकुञ्जमा पर्यटक बढेपछि पर्यापर्यटनमार्फत राजस्वमा पनि वृद्धि भएको छ।

आर्थिक वर्ष २०७९/८० को तुलनामा गत आर्थिक वर्षमा बर्दिया राष्ट्रिय निकुञ्जमा पर्यटकको संख्या बढेको छ। २०७९/८० मा आन्तरिक, सार्क र विदेशी पर्यटक गरी २४ हजार ३ सय २४ पर्यटकले निकुञ्ज अवलोकन गरेकोमा गत वर्ष स्वदेशी, सार्क र विदेशी गरी २६ हजार १ सय ३१ पर्यटक निकुञ्ज भित्रिएको बर्दिया राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले बताए। पर्यटकको संख्या वृद्धि भएसँगै निकुञ्जले प्रवाह गर्ने सेवालगायत पर्यटकीय पूर्वाधारहरू निर्माणलाई जोड दिएको छ।

संरक्षण अधिकृत वाग्लेले थपे, 'जंगल वाक, जंगल ड्राइभका लागि वनपथ निर्माण, मचान निर्माण, कोर एरिया व्यवस्थापनका कार्यहरू भएका छन्। निकुञ्जभित्रको पूर्वाधारसँगसँगै पर्यटकको बासका लागि होटल, होमस्टेलगायतका आवासहरू व्यवस्थापन गर्न जरुरी छ। बर्दियामा पर्यटकको चहलपहल उत्साहजनक भएको उनको भनाइ छ।

पर्यटक बढेसँगै पर्यटकीय होटलहरूमा स्थानीय उत्पादन खपत हुँदा स्थानीयको आयआर्जनमा समेत टेवा पुगेको छ। बर्दियामा आउने पर्यटकहरू बाघ हेर्न र स्थानीय थारु संस्कृतिसँगै परिकारहरू खान रुचाउँछन्। बर्दियाको अनुपम जैविक विविधता देखेपछि विदेशी पर्यटकहरू आश्चर्य मान्ने गरेको गैंडा क्याम्पका सञ्चालक रामजी थापा बताउँछन्। निकुञ्ज क्षेत्रमा पर्यटकीय होटलहरूलगायत धेरै होमस्टेहरू भएकाले पर्यटकलाई आवासीय समस्या छैन। निकुञ्ज बाहिर यातायातलगायत सडक पूर्वाधारहरू पर्याप्त नहुँदा पर्यटकहरू महँगो यात्रा गर्न बाध्य हुने गरेको राइनो लजका पर्यटन व्यवसायी गोविन्द अधिकारीको भनाइ छ। पर्यटकीय चाप राम्रो हुँदा होटलका प्याकेजहरू पनि पर्यटक मैत्री छन्। तर सडक पूर्वाधारको अवस्थाले समस्या पारेको उनले बताए।

बर्दिया राष्ट्रिय निकुञ्ज पश्चिम तराईकै प्राकृतिकले भरिपूर्ण अनुपम पर्यटकीय गन्तव्य रहेको बर्दिया राष्ट्रिय निकुञ्जभित्रका प्रकृति पथ प्रदर्शक अनुराम चौधरी बताउँछन्। दुर्लभ वन्यजन्तुसँगै यहाँको थारू कला, संस्कृति, भेषभूषा एवं परिकार पर्यापर्यटनको महत्त्वपूर्ण आधार हो। अधिकांश विदेशी पर्यटकहरू जंगलमा हिँडेरै अवलोकन गर्न रुचाउँछन्। अन्य देशका पर्यटकहरू सफारी रोज्छन्। उनले भने, जंगलमा डँढेलो लागेको अवस्थाबाहेक अन्य समयमा पर्यटकहरू जंगलभित्र रमाइलो मान्छन्। विशेष गरी भाले लाग्ने बेला, गर्मी र शीत पर्ने बेलामा निकुञ्जमा बाघ हेर्न पाइन्छ।

**पर्यापर्यटनबाट बढी राजस्व**

पश्चिम तराईकै पर्यटकीय गन्तव्यको रूपमा रहेको बर्दिया राष्ट्रिय निकुञ्जले गत वर्ष पर्यापर्यटनबाट सबैभन्दा बढी राजस्व संकलन गरेको छ। वनपैदावार, काठदाउरा बिक्री, गैरकाष्ठ वनपैदावार, दण्ड सजायलगायत अन्य शीर्षकमा राजस्व उठाउँदै आएको निकुञ्जले कुल राजस्व असुलीको आधाभन्दा बढी राजस्व पर्यापर्यटनबाट संकलन गरेको छ।

निकुञ्जले सबैभन्दा बढी पर्यापर्यटनबाट राजस्व असुली गरेको छ।

## विद्युत् जडानमा स्थानीयको अवरोध
# उद्योग सञ्चालन अनिश्चित

**धनवीर महतो** | *महोत्तरी*



रामनगरमा २ अर्बको लागतमा नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज निर्माण

३३ केभी बिजुलीको तार र पोल जडान गर्न स्थानीयले अवरुद्ध गरेपछि महोत्तरीको गौशालामा स्थापना भएको पेपर उद्योग सञ्चालन हुन सकेको छैन। गौशाला नगरपालिका- १ रामनगरमा दुई अर्बको लागतमा निर्माण भएको नेपाल पल्प एन्ड पेपर इन्डस्ट्रिज सञ्चालनमा अनिश्चितता देखिएको हो।

गौशाला नगरपालिका-१ इटाटारमा स्थापित भएको उद्योगमा दैनिक एक सय टन 'राइटिङ एन्ड प्रिन्टिङ पेपर' उत्पादन गर्न सक्ने क्षमताको उद्योग स्थापना भएको छ। उद्योग स्रोतले दिएको जानकारीअनुसार यहाँ प्लान्ट निर्माणको काम अन्तिम चरणमा पुगेको छ। यहाँ एकमात्र विद्युत् संरचनाकै कारण उद्योग परिसरमा जडान गरिएको ठूलाठूला उपकरणहरू प्रयोगविहीन अवस्थामा रहेका छन्। विद्युत् नहुँदा ती उपकरणहरू अझ परीक्षण हुन पनि सकेका छैनन्।

आईएमई ग्रुपको नेतृत्व र एभरेस्ट ग्रुपको सहकार्यमा स्थापना भएको उद्योग विद्युत् लाइन जोडिएपछि परीक्षणका लागि सञ्चालन गरिने उद्योगका निर्देशक अरुण भण्डारीले बताए। उनले भने, 'दुई अर्बको लागतमा निर्मित यो उद्योगको हरेक संरचनाहरू तीन महिनापहिले नै तयार भइसकेका छन्। अब उद्योग सञ्चालनका लागि आवश्यक विद्युत् तार र पोलको विस्तार नै मुख्य समस्याको रूपमा रहेको छ।'

निर्देशक भण्डारीले थपे, 'उद्योग इन्स्टल भइसकेको छ। स-साना मेसिनहरू चलाएर परीक्षण गरी सेट भइसकेको अवस्था छ। तर, केही मेसिनहरू परीक्षण हुन नसक्दा ती मेसिनहरू महिनौंदेखि छोपेर राखिएको छन्।'

बस्ती क्षेत्रबाट ३३ केभीको प्रसारण विद्युत् लाइन विस्तार रोकिएको स्थानीय नरेश महतोले बताए। उनले भने, 'गाउँ बस्तीबाट बिजुली लानु परे अन्डरग्राउन्ड गरेर पनि बिजुलीको तार लान सकिन्छ।' जंघा नदी हुँदै उद्योगसम्म पोलको माध्यमबाट तार लगे पनि स्थानीयको कुनै आपत्ति नरहने कुशवाहाको भनाइ छ। 'सडक विस्तारले घडेरी मासियो। बाँकी रहेको जग्गामा लाइन जाँदा घर नक्सा पास नहुने, घर बनाउन नपाइने, बैंकले कर्जा नदिने भएकाले विद्युत् लाइनको अवरोध गरिएको हो,' गौशाला-१ रामनगरकी मेनुका पौडेलले बताइन्।

उद्योगका लागि आवश्यक विद्युत् प्रवाह निर्वाध रूपमा उपलब्ध गराउन ुपर्नेमा गौशाला नगरपालिका- १ का वडाध्यक्ष नवीन साहले जोड दिए। उनले भने, 'उद्योग र स्थानीयवासीलाई क्षति नहुने किसिमले विद्युत्को बन्दोबस्तका लागि पहल गरिरहेको छु। स्थानीयलगायत सरोकारवाला निकायसँग राय सल्लाह लिई प्रक्रिया अगाडि बढिसकेको छ। यस वडा कार्यालयबाट उपलब्ध हुने हरेक सहयोग उद्योग सञ्चालनका लागि उपलब्ध गराउन तत्पर छु।'

उद्योग पक्ष र स्थानीय दुवैको सहमतिमा विद्युत् सेवा प्रवाह गर्नुपर्नेमा महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले बताए। उनले भने, 'यस विषयमा स्थानीयले इलाका प्रशासन कार्यालय गौशालामार्फत आफूकहाँ डेलिगेसन आएको थियो। आफूले ती दुवै पक्षलाई छलफलमार्फत सहमतिको बाटो खोजी विद्युत् सेवा सुचारु गर्नका लागि निर्देशन दिइसकेको छु।' जिल्ला प्रशासन कार्यालयले हरसम्भव उद्योग सञ्चालनका लागि सहमतिका आधारमा पहलकदमी गरिने सहायक प्रमुख जिल्ला अधिकारी न्यौपानेले जानकारी दिए। पूर्व-पश्चिम राजमार्गबाट गौशाला रोड-सुर्ती विकास-इटाटार १२ किलोमिटरमा ३३ केभीको विद्युत् प्रसारण लाइन विस्तारका लागि नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशले १ करोड ९९ लाख रुपैयाँमा ठेक्का लगाएको छ। १२ किलोमिटरमध्ये ७ किलोमिटरमा पोल गाडिएको छ। बाँकी रहेको पाँच किलोमिटर रामनगर गाउँ एरिया पर्दछ। जहाँबाट विद्युतीय पोल गाड्नका लागि स्थानीयहरूले अवरोध गर्दै आएका छन्।

## टीभीएस टू-ह्विलरका नयाँ भेरियन्ट




**काठमाडौं** (अन्नपूर्ण) : सविश्वव्यापी रूपमा टू-ह्विलर तथा थ्री-ह्विलरको ख्यातिप्राप्त निर्माता टीभीएस मोटर कम्पनीले २०२४ टीभीएस रेडर (एफआई), टीभीएस एनटर्क डिस्क फ्युल इन्जेक्सन भेरियन्ट र टिभिएस रेडिअन (एफआई) नेपालमा सार्वजनिक गरेको छ। यी नयाँ उत्पादनका साथ टीभीएस मोटर कम्पनीले उत्साहीलाई मात्र शक्तिशाली सवारी नभई सहज र इको-फ्रेन्ड्ली सवारी दिने ग्यारेन्टी दिन्छ।

टीभीएसले यी फ्युल इन्जेक्सन भेरियन्टका टू-ह्विलरहरू बीएस-भीआई एफआई प्लेटफर्ममा, जुनसुकै सवारी परिस्थितिमा पनि उत्साहीलाई अद्‌भुत र रमाइलो अनुभव सुनिश्चित गर्न विशेष रूपमा डिजाइन गरिएको छ। यी नयाँ उत्पादनहरू एडभान्स्ड इन्जिनियरिङ र स्टाइलिस डिजाइनका साथ उत्कृष्ट प्रदर्शनका लागि नयाँ पुस्ताका राइडरलाई ध्यानमा राखी बनाइएको कम्पनीले जनाएको छ।

## कटहरीमा आजसम्म कृषि मेला

**किशोर बुढाथोकी** | *विराटनगर*



मोरङको कटहरीस्थित कृषि थोक बजारमा पहिलोपटक चारदिने कृषि मेलाको आयोजना गरिएको छ। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र संघीय सरकारका कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले संयुक्त रूपमा मेलाको उद्‌घाटन गरेका हुन्।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशले आयोजना गरेको कृषि-एक्स्पो २०८१ आजसम्म सञ्चालन हुनेछ। किसान र निजी क्षेत्रलाई एक ठाउँमा ल्याएर कृषि उत्पादन बढाउनका लागि एक्स्पो आयोजना गरिएको हो। संघीय सरकारका कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषिको व्यवसायीकरणका लागि रणनीतिक महत्त्वका साथ अघि बढ्नुपर्ने बताए। महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले निर्वाहमुखी कृषिलाई आधुनिकीकरण गर्दै किसान र उद्यमीलाई एउटै मञ्चमा ल्याउने उद्देश्यसाथ एक्स्पोको आयोजना गरिएको जानकारी दिए। महासंघका उपाध्यक्ष हेमराज ढकालले कृषिमा निजी क्षेत्रको प्रवेश र लगानी सुनिश्चितताको काम हुन सके नेपालले चाँडै यस क्षेत्रमा फड्को मार्ने बताए। एक्स्पोमा कृषि औजारको प्रदर्शनी, उन्नत जातका पशुपंक्षीको प्रदर्शनी, पशुपंक्षी तथा कृषि उपजको प्रतियोगिता खेतदेखि भान्साको अनुभव र फुड फेस्टिबल गरिएका छन्।

## सिद्धार्थ बैंकले बनाइदियो विद्यालयमा बहुउद्देश्यीय हल




**काठमाडौं** (अन्नपूर्ण) : सिद्धार्थ बैंकले कास्कीको अमरसिंह माध्यमिक विद्यालयको दृष्टिविहीन शाखामा निर्माण गरेको बहुउद्देश्यीय हल हस्तान्तरण गरेको छ। हलको उद्‌घाटन बैंकका अध्यक्ष मनोजकुमार केडिया तथा विद्यालयका अध्यक्ष कृष्णप्रसाद कोइरालाले गरे।

बैंकले उक्त हल निर्माण गर्नुका साथै विद्यालयलाई २० थान कम्प्युटर, सोलार, यूपीएस र ब्याट्री पनि प्रदान गरेको छ। यस सहयोगले दृष्टिविहीन विद्यार्थीहरूको आवश्यकतालाई पूरा गर्दै उनीहरूको आत्मविश्वासमा पनि वृद्धि ल्याउने विश्वास गरिएको छ। यसैगरी विद्यालयलाई प्रदान गरिएका कम्प्युटरमार्फत विद्यार्थीलाई आधुनिक प्रविधिमा पोख्त बनाउन, शैक्षिक सामग्री अनलाइनमार्फत प्राप्त गर्न, प्राविधिक सीपलाई बढाउन केही हदसम्मा भए पनि मद्दत पुऱ्याउने विश्वास बैंकले लिएको छ।




## एभरेडीको अल्टिमा अल्कालाइन् ब्याट्री र साइरन टर्च




**काठमाडौं** (अन्नपूर्ण): एभरेडी इन्डस्ट्रिज इन्डियाले नेपाली बजारमा अल्टिमा अल्कालाइन् ब्याट्री र डिएल १०२ साइरन टर्च ल्याएको छ। यी उत्पादनले एभरेडीको उत्कृष्टता, अनुसन्धान र सामाजिक प्रभावप्रतिको प्रतिबद्धतालाई दर्शाएको छ।

काठमाडौंको ह्यात प्यालेसमा आयोजित कार्यक्रममा सार्वजनिक गरिएको यी उत्पादनले दैनिक जीवनलाई बढावा दिँदै व्यक्तिगत सुरक्षालाई साथ दिएर उच्च गुणस्तरीय समाधानका साथ नेपाली बजारलाई सेवा पुऱ्याउने एभरेडीको रणनीतिक विस्तार र समर्पण भएको जनाइएको छ।

एभरेडीले 'खेलिन्छ त सिकिन्छ' भन्ने अभियानमार्फत बालबालिकाले मज्जासहित मित्रता, साझेदारी र करुणाजस्ता आवश्यक जीवनपयोगी सीपलाई बढावा दिन्छ। कम्पनीका अनुसार अल्टिमा खेलौना, भिडियो गेम र चिकित्सकीय औजारहरूजस्ता उच्च शक्ति खपत गर्ने उपकरणका लागि विशेष रूपमा डिजाइन गरिएको हो।

## केई गाडीको टेस्ट ड्राइभ आजसम्म




**काठमाडौं** (अन्नपूर्ण) : नेपालका लागि केई अटोमोबाइल्सको विक्रेता लक्ष्मी ई मोबिलिटीले 'एक्पेरियन्स केई' टेस्ट ड्राइभ कार्यक्रम हिजो (शनिबार) देखि आयोजना गरिरहेको छ। दुई दिन चल्ने टेस्ट ड्राइभ हिजो थापाथलीमा रहेको केई शो रूममा भएको थियो भने आज भाटभेटनी नक्सालको केई सोरुममा हुनेछ।

यस अवसरमा केई इलेक्ट्रिक एसयूभ एक्स ३ प्रो इभी, इलेक्ट्रिक ह्याचब्याक इ-क्यिट ०४ र इ-क्विट ०२ टेस्ट ड्राइभ गर्न सकिने छ। हरेक टेस्ट ड्राइभमा सहभागीलाई केही न केही उपहार प्रदान गरिँदै छ। सहभागीहरूमध्ये एक जना भाग्यशालीले जर्मन अन्तर्राष्ट्रिय ब्रान्ड बोचको मिक्चर ग्रिन्डर प्राप्त गर्ने छन्।

केई गाडी लक्ष्मी ग्रुप अटोमोटिभ डिभिजनअन्तर्गत बिक्री वितरण गरिएको चाइनिज ब्रान्ड हो। भर्खरै सम्पन्न नाडा अटो शोमा पहिलो पटक यसको सार्वजनिक गरिएको थियो।

## महालक्ष्मी विकास बैंक र रोटरी इन्टरनेसनल डिस्ट्रिक्टबीच सम्झौता




**काठमाडौं** (अन्नपूर्ण) : विश्व साक्षरता दिवसको अवसर पारी महालक्ष्मी विकास बैंक र रोटरी इन्टरनेसनल डिस्ट्रिक्ट ३२९२ बीच एक सम्झौता भएको छ।

उक्त सम्झौताअनुसार विभिन्न सार्वजनिक र सामुदायिक शैक्षिक संस्थामा आवश्यक स्तरोन्नति तथा शौचालयहरू निर्माण तथा सुधार गर्न बैंकले आवश्यक समन्वय तथा सहयोग गर्ने छ। यसबाट संयुक्त राष्ट्रसंघले अख्तियार गरेको दिगो विकास लक्ष्य 'सफा पानी र सरसफाइमा सबैको पहुँच' हासिल गर्न सहयोग पुग्ने साथै बैंकको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत सरसफाइ तथा शौचालय सुविधामा पहुँच अभिवृद्धि गर्ने बैंकको नीति अनुरूप प्रभावकारी रूपमा कार्यान्वयन गर्नसमेत सहयोग पुग्ने विश्वास लिइएको छ। बैंकको १ सय ३ शाखा र करिब ८ लाख ग्राहकहरू रहेका छन्।

## सेन्सेईको 'उत्सव खुसियाली' अभियान




**काठमाडौं** (अन्नपूर्ण) : सीजी इलेक्ट्रोनिक्सल अन्तर्गत सेन्सेई ब्रान्डले चाडपर्वको अवसरमा 'उत्सव खुसीयाली' अभियान सुरु गरेको छ। यस अभियानले ग्राहकलाई सेन्सेई ब्रान्डका घरायसी उपकरणमा आकर्षक छुट र विशेष अफर प्रदान गर्दै चाडपर्वको खुसियालीलाई थप रोमाञ्चक बनाउने लक्ष्य लिएको छ।

सेन्सेईका उत्पादन जापानी इन्जिनियरिङ र नवीन प्रविधिमा आधारित छन्। यी सामग्री ऊर्जा बचत गर्ने, उच्च प्रदर्शन गर्ने र टिकाउ हुने छन्। यस अभियानअन्तर्गत ग्राहकले सेन्सेईका घरायसी उपकरण खरिद गरी बम्पर ड्रमा भाग लिन सक्नेछन्। बम्पर ड्रमा दुई जना भाग्यशाली विजेतालाई ६५ इन्ची टेलिभिजनजस्ता ठूलो पुरस्कार पाउनेछन्।

ग्राहकको सुविधाका लागि सीजी इलेक्ट्रोनिक्सले पुराना उपकरण सजिलै एक्सचेन्ज गर्ने र नयाँ उत्पादनका लागि किस्तामा भुक्तानीको सुविधा उपलब्ध गराएको छ।

सीजी इलेक्ट्रोनिक्स नेपालमा घरायसी सामानको एक प्रमुख वितरक हो। सेन्सेईजस्ता अन्तर्राष्ट्रिय ब्रान्डको प्रतिनिधित्व गर्दै, सीजी इलेक्ट्रोनिक्सले ग्राहकको आवश्यकता पूरा गर्न सदैव तत्पर रहने जनाएको छ।




**फ्ल्याट भाडामा**

काठमाडौं महानगरपालिका वडा नं. ३२, तीनकुने कर्पोरेट टावर स्थित व्यवसायिक प्रयोजनको लागि अति उपयुक्त पार्किङ, लिफ्ट, पानी, सुरक्षा गार्ड साथै जेनेरेटर सहितको सुविधा सम्पन्न Ground Floor (2447.70 Sqft.) र 5th Floor (2447.70 Sqft.) Space उपलब्ध रहेको हुनाले इच्छुक संघ/संस्थाहरुले तुरुन्त सम्पर्क राख्नु होला।
विस्तृत जानकारीको लागि: ९८५१०४८५६५

# पोखरेलको चौथो औपन्यासिक कृति 'उर्वरा' लोकार्पित




**काठमाडौं** (अन्नपूर्ण) : उपन्यासकार नारद पोखरेलको चौथो उपन्यास 'उर्वरा' शनिबार काठमाडौंमा लोकार्पित भएको छ। नेपाल स्रष्टा समाजका अध्यक्ष पवन आलोकको अध्यक्षतामा सम्पन्न उक्त लोकार्पण समारोहका मुख्य अतिथि अग्रज साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्य अतिथि शर्माले 'क' देखि 'ज्ञ'सम्मका बैग्लाबेग्लै अग्र शब्दबाट शीर्षक राखेर नेपाली आख्यान साहित्यमा उपन्यासकार पोखरेलले सफल प्रयोगात्मक लेखन गरेकोमा खुसी व्यक्त गरे। 'उर्वरा' मार्फत प्रयोग गरिएको आख्यान लेखनको नवीन शैलीले नेपाली साहित्यमा एउटा मानक इँटा थपेकोमा उपन्यासकार पोखरेललाई बधाई छ,' शर्माले भने।

समारोहमा वरिष्ठ आख्यानकार माया ठकुरी, कवि विधान आचार्य, उपन्यास समाज अध्यक्ष शंकर भारती, टिप्पणीकार अनुपमा रेग्मी, गीतकार संघका अध्यक्ष वसन्त थापा, साहित्यकार माधव बिडारी चेतनपथ, कवि भेषराज पोखरेललगायतले उपन्यासकार पोखरेलको लेखन प्रवृत्तिबारे टिप्पणी गरेका थिए।

उपन्यासकार पोखरेलका यसअघि नयाँबाटो (२०४०), सिर्जना (२०४६), प्रतिघात (२०७८) उपन्यास प्रकाशित छन्।


## Adanchuli Rural Municipality
## Office of Rural Executive
**Shreengar, Humla**
**Karnali Province, Nepal**

### Inivation for Bids

**Notice No: ARM/NCB/W01/081/82**
**Date Of Publication:- 2081-05-30 (2024-09-15AD)**

1. Adanchuli Rural Municipality Office Shreenagar Humla invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S. No | Contract ID. No | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS) | Bid Security Amount (NRs) | Bidding Document Fee(NRs) | Bid Validity /Bid Security validity period | Last Date And Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ARM/NCB/ W01/081/82 | Domukh Tirthasthal Tatbandhan Project | 1,67,09,702.04 | 4,20,000.00 | 3000.00 | 90 days/120 days from the last date of bid submissions | 2081/06/29BS (2024-10-15 AD) 12:00 Noon Online | 2081/06/29BS (2024-10-15 AD) 2:00 PM ARM Office |

2. Account No. for Bid document Purchese

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Adanchuli Rural Municipality ,Shreenagar Humla | Ga.1.1.Aantarik Rajaswo Khata Aanchuli 27204010000009 | 80664501 |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

**Chief Administrative Officer**


# गुणस्तरीय शिक्षामा मावि सेन्टर



**गोपाल शर्मा भट्टराई** | *दाङ*

सामुदायिक तथा सरकारी विद्यालयहरूमा विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुन नसकिरहेको अवस्थामा दाङको तुलसीपुरस्थित माध्यमिक विद्यालय तुलसीपुर सेन्टरले गुणस्तरीय सिकाइका लागि कार्ययोजना नै बनाएर सुधारको अभियान थालेको छ। तहगत र क्षेत्रगत रूपमा सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट रहँदै आएको सेन्टरले गुणस्तरीय शिक्षा थप प्रभावकारी बनाउन नयाँ नीति अवलम्बन गरेको हो।

विद्यालयमा गुणस्तर शिक्षा र विद्यार्थीको सिकाइ उपलब्धि बढाउन नीतिगत रूपमा विद्यालयले कदम चालेको विद्यालयका प्रधानाध्यापक भागवत पौडेलले बताए। विगतदेखि सुधारको नीति लिइँदै आएको भए पनि नयाँ शैक्षिक सत्रदेखि थप सुधार नीति बनाएर जिल्लामै उत्कृष्ट शिक्षण क्रियाकलाप सञ्चालन गरिन लागेको पौडेलको भनाइ छ। यो वर्षदेखि तीन प्रकारले शिक्षा दिने व्यवस्था गरेको भन्दै उनले अभिभावकले बच्चाबच्चीका लागि जस्तो शिक्षाको अपेक्षा गर्छन् त्यस्तै शिक्षा दिने तयारी गरेको बताए। उनले नेपाली माध्यम, अंग्रेजी माध्यम र विशिष्टीकरणको अंग्रेजी माध्यमबाट कक्षाहरू सञ्चालन सुरु गरिएको बताए। विद्यालयले विद्यार्थीले जस्तो शिक्षा खोज्छन्, त्यहीअनुसारको शिक्षा दिन तयार रहेको उनले जानकारी दिए।

विगतमा नेपाली र अंग्रेजी माध्यमबाट मात्रै शिक्षा दिइरहेको विद्यालयले यस वर्षदेखि सुविधासम्पन्न विशेष प्रकारको अंग्रेजी माध्यमको पढाइ सुरु गरेको छ। सुविधा सम्पन्न कक्षाबाट शिक्षण क्रियाकलाप सञ्चालन हुने गरी विशेष कक्षा स्थापना भएको र यो कक्षा सशुल्क र तर आधुनिक र प्रभावकारी कक्षा रहने बताए।

केही वर्षदेखि विद्यालयमा शैक्षिक गुणस्तर सुधार हुँदै गएपछि विद्यार्थीको चाप पनि अत्यधिक रहेको छ। विद्यालयमा अहिले २ हजार ५ सय विद्यार्थी अध्ययनरत छन्। १ सय ८५ जना शिक्षक कर्मचारी कार्यरत छन्। विद्यार्थीको संख्या अत्यधिक रूपमा बढ्न थालेपछि र व्यवस्थापनमा समस्या भएपछि विद्यालयले नयाँ भर्ना नै रोक्ने अवस्थामा पुगेको विद्यालयले जनाएको छ। विद्यार्थीको संख्या बढाउनेभन्दा पनि गुणस्तरीय शिक्षा प्रदान गर्नेमा आफूहरूको ध्यान केन्द्रित रहेकोले संख्याभन्दा गुणस्तरमा बढी ध्यान दिएको प्रधानाध्यापक भागवत पौडेलले बताए। उनले विद्यालयले २५ सयभन्दा बढी विद्यार्थी नरहनेसमेत बताए। विद्यार्थी धेरै भएपछि गत वर्ष मात्रै एक हजारभन्दा धेरै विद्यार्थीलाई भर्ना गर्न नसकेर फिर्ता गर्नुपरेको भन्दै यो वर्ष पनि त्यही अवस्था रहेको बताए। 'यस वर्ष पनि भर्नाका लागि अत्यधिक सख्या आएको छ', उनले भने, 'नाम चलेका निजी विद्यालयबाट धेरै विद्यार्थीहरू सेन्टरमा भर्नाका लागि अनुरोध गरेका छन्।'

मावि सेन्टरमा कार्यरत शिक्षक कर्मचारीहरूले पनि यस वर्षदेखि विद्यालयमा नै आफ्ना छोराछोरी पढाउनुपर्ने निर्णयसमेत गरिएको छ। यसले अन्य अभिभावकलाई विश्वासको वातावरण निर्माण गर्छ। गुणस्तरीय शिक्षा पनि कायम हुन्छ। अन्य विद्यालयहरूभन्दा फरक तरिकाले पठनपाठन सञ्चालन गरेका कारणले पनि मावि सेन्टरमा विद्यार्थीको चाप बढेको पौडेलले बताए। उनले विद्यालयमा विद्यार्थीले चाहेको अतिरिक्त ज्ञानसमेत लिने व्यवस्था विद्यालयले गरेको बताए। किताबी ज्ञानमात्रै नभएर अतिरिक्त ज्ञान पनि सँगसँगै दिइरहेको उनको भनाइ छ। विद्यालयले अहिले उदारकक्षा उन्नतिको सुधारात्मक प्रयास गरेको, उत्तीर्णमात्रै भन्दा पनि तहगत सक्षमता आर्जनलाई ध्यान दिइएको, सक्षमता बढाउन पाठ्यपुस्तकमात्रै भन्दा पनि अतिरिक्त ज्ञानलाई पनि महत्त्व दिएको, अध्ययन, अनुगमन, मूल्यांकन र सक्षमता मापन तथा चौतर्फी विकासको अवसर सिर्जना गर्नेजस्ता सुधारात्मक कार्य गर्दै आएको छ।

# बागमतीमा मानव बेचबिखनसम्बन्धी समस्या बढी




**काठमाडौं** (अन्नपूर्ण) : महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समूह नेपाल (एटविन) ले बिहीबार राजधानीमा मानव बेचबिखन अन्त्यका लागि सञ्चारकर्मीसँग संवाद कार्यक्रम सञ्चालन गरेको छ। विगत १० वर्षदेखि मानव बेचबिखन, तस्करी र ओसारपोसारका विषयमा आधारित भएर प्रकाशन र प्रसारण भएका समाचारहरूका आधारमा गरिएको अध्ययन र विश्लेषणबारे जानकारी दिने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको संस्थाकी महासचिव सुमित्रा अधिकारीले बताइन्।

कार्यक्रमका स्रोत व्यक्ति सञ्चारकर्मी विजय पौडेलले प्रस्तुत गरेका प्रतिवेदनका अनुसार वैदेशिक रोजगारीका लागि बिदेसिने पुरुषहरूको संख्या महिलाहरूको भन्दा बढी भए पनि यौन शोषण र श्रम शोषणमा भने धेरै महिला परेका छन्। पौडेलले २०७९ मा ७ वटा दैनिक र ३ वटा अनलाइन पत्रिकामा मानव बेचबिखन र शोषणसम्बन्धी २ सय ८६ वटा समाचारहरू प्रकाशन र प्रसारण भएको जानकारी दिए।

उक्त समाचारहरूका आधारमा गरिएको विश्लेषणमा बागमती प्रदेशमा अरू प्रदेशका तुलनामा बढी मानव बेचबिखनसम्बन्धी समस्या देखिएको पौडेलले औंल्याए। पौडेलले देश नै रेमिट्यान्सले धानेको हुनाले सरकार र समाजले वैदेशिक रोजगारीलाई सम्मान गरेमा मात्र मानव बेचबिखन र ओसारपसारको गतिविधिहरू घट्ने प्रतिबद्धता जनाए। घरबाट नै वैदेशिक रोजगारीका लागि गएका व्यक्तिहरूका लागि सम्मानको वातावरण सिर्जना गर्नुपर्ने भन्दै पौडेलले सर्वसाधारणलाई सुझाव दिए।

कार्यक्रममा एटबिनकी अधिकृत करुणा महर्जनले हिमाल र पहाडभन्दा मधेसमा बढी मानव तस्कर र ओसारपोसार भएको जनाइन्। स्रोत व्यक्ति रूपा शर्माको अनुपस्थितिमा शर्माले तयार पारेको २०८० को मानव बेचबिखन, ओसारपसार र शोषणसम्बन्धी प्रतिवेदनको जानकारी उनले दिएकी हुन्। प्रतिवेदनअनुसार १८ वर्षभित्रका नाबालक सबैभन्दा बढी यस्ता समस्यामा फस्ने गरेका छन्।


नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
**संघीय आयोजना कार्यान्वयन इकाई, धनुषा**
जनकपुरधाम, मधेश प्रदेश

### बोलपत्र आह्वान सम्वन्धी सूचना

**सूचना नं : ०३-८१/८२, प्रकाशन मितिः २०८१।०५।३०**

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नुपर्ने भएकोले प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन (मिति २०८१।०६।२९ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np.egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | FPIU/Dhanusha /Works/ NCB/15-2081/82 | Construction of RCC Frame School Building of Shree Janta Adharbhut School at Chakraghatta-6, Sarlahi. | 85,57,851.32 | 2,14,000.00 | 3,000.00 |
| 2 | FPIU/Dhanusha /Works/ NCB/16-2081/82 | Construction of RCC Frame School Building of Shree Janta Adharbhut School at Kabilashi-3, Sarlahi. | 85,57,197.33 | 2,14,000.00 | 3,000.00 |
| 3 | FPIU/Dhanusha /Works/ NCB/17-2081/82 | Construction of RCC Frame School Building of Shree Nepal Rastriya Janta Secondary School at Ishworpur-12, Sarlahi. | 85,56,747.50 | 2,14,000.00 | 3,000.00 |
| 4 | FPIU/Dhanusha /Works/ NCB/18-2081/82 | Construction of RCC Frame School Building of Shree Prathamik School at Chakraghatta-8, Sarlahi. | 85,56,567.80 | 2,14,000.00 | 3,000.00 |
| 5 | FPIU/Dhanusha /Works/ NCB/19-2081/82 | Construction of RCC Frame School Building of Shree Ram Awatar Janata Madhyamik School at Harion-2, Sarlahi. | 85,56,656.14 | 2,14,000.00 | 3,000.00 |
| 6 | FPIU/Dhanusha /Works/ NCB/20-2081/82 | Construction of Multipurpose Community Building at Lower Satbhaiya, Lalbandi-15, Sarlahi. | 85,56,197.51 | 2,14,000.00 | 3,000.00 |
| 7 | FPIU/Dhanusha /Works/ NCB/21-2081/82 | Construction of RCC Frame School Building of Chure Chandni Chowk Deurali Secondary School at Mithila-11, Dhanusha. | 85,46,838.06 | 2,14,000.00 | 3,000.00 |
| 8 | FPIU/Dhanusha /Works/ NCB/22-2081/82 | Construction of One-storey RCC Frame Structure School Building of Shree Saraswati Secondary School , Katarait, Janakpurdham-17, Dhanusha | 85,56,816.33 | 2,14,000.00 | 3,000.00 |
| 9 | FPIU/Dhanusha /Works/ NCB/23-2081/82 | Construction of Idgaha at Samsi-6, Mahottari. | 85,46,934.54 | 2,14,000.00 | 3,000.00 |
| 10 | FPIU/Dhanusha /Works/ NCB/24-2081/82 | Construction of Multipurpose Building and Public Toilet at Bajrahi, Jaleshwor-8, Mahottari | 85,47,008.54 | 2,14,000.00 | 3,000.00 |
| 11 | FPIU/Dhanusha /Works/ NCB/25-2081/82 | Road Improvement works at Samsi-2, Mahottari. | 85,46,800.01 | 2,14,000.00 | 3,000.00 |
| 12 | FPIU/Dhanusha /Works/ NCB/26-2081/82 | Road improvement works from Gorigamma Khokan Bridge to Ratu River Bridge, Mahottari-5, Mahottari. | 85,46,911.33 | 2,14,000.00 | 3,000.00 |


## यसरी आयो...

त्यस्तै प्रदीपशमशेर राणा र उनकी छोरी शालिनी राणा सञ्चालक रहेका सिंगापुरस्थित दुई कम्पनी मेट्रिक्स क्रस बोर्डर, सिंगापुर र ब्ल्युबेरी सिंगापुरमा १० लाख अमेरिकी डलर जम्मा भएको पाइएको छ। उक्त ४० लाख अमेरिकी डलर जहाज आपूर्तिकर्ता कम्पनी हाइफ्लाई एक्स आयरल्यान्डले नेपाली व्यापारीका ती कम्पनीका खातामा सोझै पठाएको नेपाली अनुसन्धान अधिकारीहरूले कागजात फेला पारेका छन्। हाइफ्लाईले बाँकी २० लाख डलर भने जहाजको प्रपोजल समिट गर्ने अर्को बिचौलिया कम्पनी जर्मन एभिएसन क्यापिटल सिंगापुरमार्फत सिंगापुर र दुबईमा रहेका नेपालीका ती कम्पनीका खातामा पठाएको थियो।

त्यो सबै रकम सिंगापुर र दुबईबाट नेपाल पठाउँदा भने वित्तीय च्यानल प्रयोग गरिएको छैन। त्यसमध्ये करिब २ करोड रुपैयाँ भने इना देवान (नेपाल एयरलाइन्सका तत्कालीन प्रबन्ध निर्देशक सुगतरत्न कंसाकारकी बुहारी) को खातामा आएको पाइएको छ।

'बाँकी भने अनधिकृत च्यानल अर्थात् हुन्डीबाट ल्याएको पाइएको छ', यसमा संलग्न अनुसन्धान अधिकारीले भने, 'त्यसको पनि आधार प्रमाण जुटाउने काम भइरहेको छ।'

**यसरी बनाइएका थिए बिचौलिया कम्पनी**

नेपाल वायुसेवा निगमले बजार विस्तारका लागि भन्दै दुइटा वाइडबडी विमान खरिद गर्ने निर्णय गर्‍यो। विमान आपूर्तिका लागि अमेरिकाको एएआर इन्टरनेसनल नामक कम्पनी छनोट भयो। एउटा कम्पनी छनोट भएकोमा पछि खरिद समझदारी (एमओयू) गर्ने क्रममा एएआरका साथै जर्मन एभिएसन क्यापिटल र हाइफ्लाई एयरलाइन्स पोर्चुगल मिसिए। विमान खरिद बिक्री सम्झौता गर्दा भने आयरल्यान्डमा हाइफ्लाई एक्स आयरल्यान्ड नामक कम्पनी खडा गरियो। निगमले विमान खरिदका लागि उसैसँग सम्झौता गरेको थियो।

विमान खरिदबिक्री सम्झौतापश्चात सम्पूर्ण कार्यहरू हाइफ्लाई एक्समार्फत नै भयो। हाइफ्लाई एक्स र नेपाल वायुसेवा निगमले रकम भुक्तानी व्यवस्थापनका लागि जर्मनी कम्पनी नोर्टन रोज फुलब्राइट एलएलपीलाई मुख्य एजेन्ट नियुक्त गरे।

नेपाल वायुसेवा निगमबाट विमान वापतको रकम नोर्टन रोज फुलब्राइट एलएलपीको बैंक खातामा भुक्तानी भएको थियो। वायुसेवा निगमले कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट ऋण लिएर करिब २४ अर्ब रुपैयाँमा दुइटा वाइडबडी विमान खरिदका लागि खर्च गरेको थियो। नोर्टन रोज फुलब्राइटको बैंक खाताबाट हाइफ्लाई एक्स आयरल्यान्डको बैंक खातामा रकम ट्रान्सफर भएको देखिन्छ। १० फागुन २०७३ मा स्थापित यो कम्पनीले युरोपको एयरबस कम्पनीबाट दुई वाइडबडी विमान खरिद गरी २४ अर्ब रुपैयाँमा निगमलाई बेचेको थियो। २०७३ फागुन १८ मा बैना स्वरूप १० लाख अमेरिकी डलर भुक्तानी गरेको निगमले २०७४ असार ५ मा मा थप ७ करोड ९० लाख भुक्तानी गरेको थियो। असार २०७५ असार १४ मा र २०७५ साउन १० मा नेपालमा दुइटा वाइडबडी विमान ल्याइएको थियो।

सुरुमा अमेरिकाको एएआर इन्टरनेसनललाई छनोट गर्ने र अनि पछि जर्मन एभिएसन क्यापिटल र हाइफ्लाई एयरलाइन्स पोर्चुगललाई जोड्ने र रकम अर्कै कम्पनी खडा गरेर भुक्तानी गर्ने काममा भएपछि अनियमितता भएको आशंका भयो। त्यसपछि प्रतिनिधिसभाको सार्वजनिक लेखा समितिमा यो विषय पुग्यो। छानबिन र अध्ययनका लागि लेखा समितिले उपसमिति नै गठन गर्‍यो।

राजेन्द्र केसीको संयोजकत्वमा गठित उपसमितिले अनियमितता भएको प्रतिवेदन दियो। बाइडबडी विमान खरिदबारे संसद्‌को लेखासमितिले दुई पूर्वपर्यटनमन्त्रीसहित तत्कालीन बहालवाला मन्त्री, सचिव र निगमका महाप्रबन्धक समेतलाई दोषी देखाएको थियो।

समितिले निगमका महाप्रवन्धक सुगतरत्न कंसाकारलाई तत्कालै निलम्बन गरेर अख्तियारले कारबाही गर्नुपर्ने सिफारिस पनि गरेको थियो। लेखा समितिअन्तर्गतको उपसमितिले वाइडबडी प्रकरणमा ४ अर्ब ३५ करोड ५६ लाख रुपैयाँ भ्रष्टाचार भएको प्रतिवेदन समितिमा बुझाएको थियो। समितिको सिफारिसपछि यसको छानबिन ०७५ सालबाट अख्तियारले गरेको थियो।

निगमले दुइटा वाइडबडी विमान उत्पादक कम्पनीसँग नकिनी बिचौलियासँग करिब २४ अर्ब रुपैयाँमा किनेको थियो। त्यसमा बिचौलियाका नाटकीय कम्पनी खोलिएका थिए। त्यसको म्याक्सिमम टेक-अफ वेट (एमटीओडब्लू) समेत सम्झौताभन्दा कम ल्याएको थियो।

त्यसैबीच २०८० चैत २२ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसंस्कृति पर्यटन तथा नगरिक उड्डयनमन्त्री जीवनबहादुर शाही, नेपाल वायुसेवा निगमका पूर्वमहाप्रबन्धक सुगतरत्न कंसाकारसहित ३२ जनाविरुद्ध मुद्दा हाल्यो। अख्तियारले पूर्वपर्यटनसचिव एवं निगमका तत्कालीन सञ्चालक समिति अध्यक्ष शंकरप्रसाद अधिकारी, पूर्वअर्थसचिव एवं निगमका तत्कालीन सञ्चालक समिति सदस्य शिशिरकुमार ढुंगाना, तत्कालीन महाप्रबन्धक एवं सञ्चालक समिति सदस्य सुगतरत्न कंसाकारलगायत विरुद्ध मुद्दा दायर गरेको छ। २४ जना नेपाली नागरिक, ६ विदेशी नागरिक र दुइटा कम्पनीको संलग्नतामा १ अर्ब ४७ करोड १० लाख ४ सय ८२ रुपैयाँ भ्रष्टाचार भएको अख्तियारको दाबी छ।

कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री एवं प्रदेशसभा सदस्य शाही र निगमको कार्यकारी प्रमुखको भूमिकामा रहेका तत्कालीन महाप्रबन्धक एवं सञ्चालक समिति सदस्य कंसाकारलाई मुख्य प्रतिवादी बनाइएको छ अख्तियारले पूर्वमन्त्री शाही र कंसाकारलाई ६ वर्षसम्मको कैद तथा १ अर्ब ४७ करोड १० लाख ८५ हजार ४ सय ८२ बिगो माग गरिएको छ। यो मुद्दा दायरसँगै शाही प्रदेशसभा सदस्यबाट स्वतः निलम्बनमा परेका छन्।

त्यस्तै मन्त्रालयका सहसचिव एवं विगमका तत्कालीन सञ्चालक समिति सदस्यहरू बुद्धिसागर लामिछाने, टेकनाथ आचार्य, निमानुरु शेर्पा र मुक्तिराम पाण्डेलाई पनि प्रतिवादी बनाइएको छ। यो मुद्दा विशेष अदालतमा विचाराधीन छ। यसको चाँडै पेसी हुने तयारी छ।

## आजको राशिफल

**साइत**
- डा. उत्तम उपाध्याय न्यौपाने

भदौ ३० गते आइतबार द्वादशी तिथि, श्रवण नक्षत्र, अतिगण्ड योग मकरका चन्द्रमा, सूर्योदय ५:४९, सूर्यास्त १८:०७

**मेष** — अकल्पनीय रूपमा शुभ समाचार प्राप्त हुनेछ। शैक्षिक स्तरोन्नतिको समय रहेको छ।

**मिथुन** — सञ्चार माध्यमका गतिविधिबाट टाढै रहनु पर्नेछ। स्वाध्ययनमा केही रोकावट आउनेछ।

**सिंह** — पारिवारिक विमेलता बढ्ने देखिन्छ। राजनैतिक क्षेत्रमा उचित स्थान प्राप्त होला। सभा समारोहबाट टाढै रहनु होला।

**तुला** — व्यवसायीक अवस्था कमजोर बन्दै जानेछ। सवारीसाधन खरिद बिक्रीमा केही फाइदा मिल्नेछ।

**धनु** — बोलिमा संयमता एवं सरलता ल्याउनु पर्नेछ। खानपानमा मुख बार्नुपर्नेछ। पौराणिक विषयमा रुचि बढ्दै जानेछ।

**कुम्भ** — वित्तीय क्षेत्रको काममा रोकावट आउनेछ। विद्यार्थी वर्गका लागि दिन मध्यम रहनेछ।

**वृष** — शारीरिक समस्याले चिन्तित बनिनेछ। कृषि कार्यमा बढी समय खर्चनु पर्नेछ। धार्मिक कार्यमा लागिनेछ।

**कर्कट** — साहासिक कार्यमा आफ्नो अग्रता रहनेछ। प्रेम सम्बन्ध वैवाहिक जीवनमा बाँधिने योग रहेको छ।

**कन्या** — मातापिताको साथमा रहेर काम सुचारु गरिनेछ। सन्तान सुख प्राप्त हुनेछ। मनमा विचलनता आउनेछ।

**वृश्चिक** — वैदेशिक रोजगारीमा त्यति मन रम्ने छैन। आर्थिक पक्षमा सुधार आउनेछ। साथीभाइबीच भेटघाट हुनेछ।

**मकर** — कला क्षेत्रमा उच्चस्तरीय सम्मान मिल्नेछ। पशुपन्छीको भय रहेकाले सावधानी अपनाउनु पर्नेछ।

**मीन** — स्वास्थ्य समस्या समाधान हुनेछ। सहकर्मीबाटे विश्वासघात होला। परिश्रम अनुरूपको फल प्राप्त होला।

# अदालतको फैसलाविपरीत मालपोतले बेच्यो अंशबन्डाको जग्गा

**पार्थ मण्डल** | *झापा*

अदालतको अंश मुद्दाको फैसलाविपरीत भूमिसुधार तथा मालपोत कार्यालय झापाले एक परिवारको जमिन अन्य व्यक्तिको नाममा नामसारी गरिदिएको घटना बाहिर आएको छ। झापा जिल्ला अदालत भद्रपुरले जग्गाजमिनको अंश छुट्ट्याई भूमिसुधार तथा मालपोत कार्यालय झापालाई समेत दाखिला खारेज दर्ता गरिदिने भनी गरेको लिखित पत्राचारविपरीत मालपोतका कर्मचारीले सो जग्गा अन्य व्यक्तिको नाममा नामसारी गरिदिएको खुलेको हो। अदालती आदेशको उल्लंघन गर्दै मालपोतले आफूहरूको नाममा हुनुपर्ने जमिन अरूको नाममा पास गरिदिएपछि अहिले पीडित परिवार न्याय खोज्दै हिँडिरहेका छन्।

घटना विवरणअनुसार साबिक महेशपुर गाविस–१, हाल भद्रपुर नगरपालिका-४ बस्ने स्व. श्यामबहादुर केसीले दुईवटा विवाह गरेका थिए। जेठी श्रीमती राधादेवी केसी र कान्छी श्रीमती रेणुका केसी। जेठी श्रीमतीतर्फकी दुई छोराहरू मनोज, सरोज र छोरीहरू सरिता र पवित्रा छन्।

कान्छी श्रीमतीतर्फकी एक मात्र छोरा सुरज रहेका छन्। श्रीमान्सँग छुट्टिएर कान्छी श्रीमती रेणुका छोरासहित आफ्नै माइती घर गौरादहमा बस्दै आइरहेकी थिइन्। श्रीमान् श्यामबहादुरको मृत्युपश्चात् रेणुकाले २०६७ सालमा जेठीपट्टिकी सन्तानहरूलाई प्रतिवादी बनाएर अदालतमा अंश दाबीको मुद्दा हालेकी थिइन्।

२०७१ साल वैशाख २९ गते तत्कालीन जिल्ला न्यायाधीश रमेशकुमार खत्रीले उल्लेख भएको केसी परिवारको सम्पत्ति ६ भाग लगाई विवाह नभएका अंशियारको विवाह खर्च पर सारी यसबाट दुई भाग सम्पत्ति वादी रेणुकाले अंश पाउने फैसला सुनाएको थियो। अदालतले सोहीबमोजिम साबिक गाविसहरू चारपाने, महेशपुर, चन्द्रगढी, हल्दिबारीका जमिनहरूलाई




२०७४ साल वैशाख २५ गते मालपोत कार्यालयलाई दाखिला खारेज गरिदिने सम्बन्धमा पत्राचार गरेका थिए।

त्यसमध्ये साबिक चारपाने-३ रामचोकस्थित राजमार्गदेखि उत्तरतर्फको कित्ता नम्बर ६८१ को ३ कट्ठा १३ धुर जमिन बेचिएको पीडित मनोजकुमार केसीले बताए।

सो जमिन कान्छी आमा रेणुका र भाइ सुरजको नाममा दर्ता भए तापनि त्यसमा ६ भाग लाग्ने अदालतको फैसलामा उल्लेख भएको उनले बताए। दुई भाग जमिन मात्र उहाँहरूको हो। उहाँहरूले सबै जमिन मालपोत कर्मचारीको सेटिङमा बिक्री गरिदिएको उनको आरोप छ।

नापी कार्यालयले २०७४ साल जेठ ३ गते सबै जमिनको कित्ताकाट गरी मालपोतमा पत्र पठाइसकेको थियो। नापीको कित्ताकाटमा ६८१ लाई फोड गरी ६०१३ कित्तामा एक कट्ठा सवा ४ धुर (रेणुका र सुरज) र ६०१४ कित्तामा दुई कट्ठा पौने ८ धुर (सुरज केसीसमेत) भनी उल्लेख छ। मालपोतले २०७९ फागुन २१ गते दाखिला खारेजसम्बन्धी टिप्पणी तथा आदेशमा कित्ता नम्बर ६०१३ र ६०१४ विवरण जग्गाधनी दर्ता स्रेस्ता उठाइसकेको थियो।

जग्गाधनी दर्ता स्रेस्तासमेत कित्ता नम्बर ६०१४ को दुई कट्ठा पौने ८ धुर जमिन जेठीपट्टिका सन्तानको हुँदाहुँदै मालपोतले सो जमिन अनारमनी– ३ की प्रियंका गोयलको नाममा २०८० मंसिर २४ गते नामसारी गरिदिएको प्रमाण फेला परेको छ। सो जमिन प्रियंकालाई रेणुका र उनका छोरा सुरजले पास गरिदिएका थिए। उनीहरूले प्रियंकालाई आफ्नो नाममा रहेका ६०१३ कित्तामा एक कट्ठा सवा ४ धुर जमिन पनि सोही बेला पास गरेका थिए। जमिनको राजीनामा पासमा तत्कालीन मालपोत अधिकृत दीपेन्द्र खत्रीको हस्ताक्षर रहेको छ।

२ करोड २ लाख थैली राखिएको त्यस जग्गा राजीनामा पास गर्दा ६ लाख ६ हजार रुपैयाँ राजस्व बुझाएको देखिन्छ। आफूहरूको जमिन बिक्री भएको थाहा नै थिएन। जमिनको नामसारी गर्नुपर्‍यो भनेर स्थानीय तहबाट सबै कागजात पूरा गरी २०८१ असार १३ गते मालपोत कार्यालयमा सबै प्रमाणसहित निवेदन दिएको पीडित मनोजको भनाइ छ।

मालपोतका कर्मचारीहरूले दुई महिनासम्म अल्झाएर राखेको बताउँदै उनले भने, 'अति भएपछि आफैं लागेर बुझ्दा आफूहरूको नामको जमिन कान्छी आमाले त ८ महिनाअघि नै बेचिदिएको रहेछ।' अदालतले फैसला गरिसकेको अंश मुद्दाको जमिनलाई मालपोतका कर्मचारीले कसरी अरूको नाममा नामसारी गरिदिन सक्छ। पक्कै पनि यहाँ ठूलै चलखेल हुनुपर्छ। 'अदालतभन्दा ठूलो मालपोत त पक्कै पनि होइन होला? सो जमिनको दुई वटा जग्गाधनी दर्ता स्रेस्ता भेटिएको छ,' उनले भने।

मलाई न्याय चाहियो। यो घटनामा संलग्न भएका व्यक्तिहरूलाई कानुनी कारबाही हुनुपर्छ। 'यस्ता घटना पहिलो होइन, उनले भने, 'मालपोतमा यस्ता घटनाहरू घटिरहन्छन्, त्यसैले यो घटनाले अरू पनि सचेत हुनुपर्छ।' घटनालाई साम्य बनाउन मालपोतका कर्मचारीहरू अहिले जमिन फिर्ता गराउन लागिपरेका छन्। मालपोतका कर्मचारीले सोमबारसम्म जमिन फिर्ता हुने आश्वासन दिएको उनको भनाइ छ।

यता भूमिसुधार तथा मालपोत कार्यालय प्रमुख शेरबहादुर भण्डारीले जमिन नामसारी भएको घटनाको बारेमा अधिकृत मोहन दर्जीको नेतृत्वमा छानबिन समिति गठन गरिसकेको बताए। छानबिन समितिले सात दिनभित्र प्रतिवेदन बुझाउने उनको भनाइ छ। प्रतिवेदनमा दोषी देखिएका कर्मचारीलाई विभागीय कारबाही हुने उनले बताए। कर्मचारीबाट गल्ती भएको बताउँदै उनले भने, 'एक साताभित्र सम्बन्धित व्यक्तिलाई जग्गा फिर्ता गराउन हामी लागि परेका छौं।'

# लुक्दै समात्छन् ट्राफिक प्रहरी, हत्तिँदै भाग्छन् चालक

**अजवी पौडयाल** | *काठमाडौं*

एयरपोर्टदेखि तीनकुनेतिर आउँदै हुनुहुन्छ भने प्रायजसो सिनामंगल पीपलबोट चोकछेउमा लुकेर बसेका ट्राफिक प्रहरी भेट्नुहुन्छ। सडकको बायाँतिर रुखमुनि एकजना स्पिड चेक गर्ने 'मेसिन' लिएर बसेका हुन्छन्। अरू सवारीचालक पक्रिन तम्तयार हुन्छन्।

जब कुनै सवारीसाधन तीव्र गतिमा आयो कि, एक्कासि सिट्टी फुक्दै ट्राफिकहरू सडकमा आउँछन्। अनि, भागाभाग चल्छ। कोही, प्रहरी छल्दै अत्तालिँदै भाग्छन् त, कोही चालक फन्दामा पर्छन्। प्रहरी र चालकबीचको घम्साघम्सीले सडकमा 'रमिता' नै चल्छ।

कुनै दिन त्यहाँ ट्राफिक भेटिएनन् भनेर चालकहरू ढुक्कले सवारी चलाउँछन्, अनि गैरीगाउँ पेट्रोलपम्प नजिक चेकिङमा पर्छन्। अनि, उही रमिता देखिन्छ। प्रहरीबाट भाग्नेहरू यसरी सवारी हुइँक्याउँछन् कि, कुनै पनि बेला 'दुर्घटना' का सम्भावना रहन्छ।

●●●

कलंकीबाट बल्खुतिर जाँदै हुनुहुन्छ भने परीक्षा नियन्त्रण कार्यालयनजिकै तपाईं 'स्पिड चेकिङ'मा पर्नुहुन्छ। कलंकीबाट जाँदा पनि सीधै नदेखिने र बल्खुबाट आउँदा पनि सीधा नदेखिने बीचको सडक किनारमा ट्राफिक प्रहरी भेट्न सक्नुहुन्छ। र्‍याडरगन बोकेर उभिएका प्रहरी प्रायः तीव्र गतिमा आएका सवारीसाधन समाउने ध्याउन्नमा हुन्छन्। तीव्र गतिमा सवारी हुइँक्याएका चालकहरू चेकिङ देख्नासाथ अत्तालिँदै सवारी फर्काउँदा कंलकी भाटभटेनी नेरै उभिएका ट्राफिक प्रहरीको फन्दामा पर्छन्।

प्रायःजसो कलेज जाँदै गरेको विद्यार्थी, अफिस जाँदै गरेका कर्मचारी तथा व्यक्तिगत कामका लागि बाहिरिएका व्यक्तिहरू प्रहरीको फन्दामा पर्छन्। प्रतिकिलोमिटर ५० भन्दा बढीको गतिमा सवारी हाक्ने जोकोही कारबाहीमा पर्ने गर्छन्। करिब दुई किलोमिटर लामो कलंकी बल्खु सडक यात्रा गर्नेहरू चार ठाउँमा प्रहरी चेकिङमा पर्छन्। चार ठाउँमा प्रहरी चेकिङ हुने गरे पनि यो सडकमा हुने दुर्घटना भने घट्न सकेको छैन। कहिले बसको ठक्करबाट, कहिले टिपर, ट्रकले ठक्कर दिएर यहाँ दुर्घटनामा मान्छे मरिरहेकै हुन्छन्। केही महिनाअघि यही बाटोमा पर्ने सीता पेटोलपम्प छेउ बसले ठक्कर दिँदा यात्रुसहित पठाओ चालक गरी दुई जनाकै मृत्यु भएको थियो।

●●●

यस्तै अवस्था छ रिंगरोडमा पर्ने नख्खु चोकको पनि। सडकमै राखिएको स्पिड चेकिङ र्‍याडर गनको निसानामा परी धेरै सवारीसाधनहरू कारबाहीमा परेका छन्। गल्ती गरेर कारबाहीमा पर्नु त सामान्य नै मान्नुपर्ला तर चेकिङको डरमा अत्तालिएर भाग्दा हुने दुर्घटना भने कहालिलाग्दो छ। कारबाहीको डरमा तीव्र स्पिडमा भागेको सवारीसाधनले अन्य स्थानमा गएर पैदलयात्रुलाई ठक्कर दिने र दुर्घटनामा पर्ने जोखिम हुन्छ।

> तीव्र गतिमा आएका सवारी चालकहरू चेकिङ देख्नासाथ अत्तालिँदै सवारी फर्काउँदा दुर्घटनामा पर्ने खतरा हुन्छ।

●●●

उपत्यकाको सडकमा घरबाट निस्किएर आधा घण्टामात्रै सवारी चलाउनुपर्छ। कम्तीमा दुईदेखि तीन ठाउँमा ट्राफिक चेकिङमा पर्नुहुन्छ। कतै सडकको छेउमा छेलिएर त कतै घुम्तीमा सवारी चेकिङ चलिरहन्छ।

स्पिड टेस्टको बहाना होस् या सवारीचालक अनुमतिपत्र जाँचको बहानामा होस् वा ट्राफिक नियमको पालनाको बहानामा होस् सडकमा चेकजाँच देखिन्छ। अहिले त सीसीटीभी र र्‍याडर गन प्रयोग गरेर पनि सवारी चेकजाँच गर्ने गरिन्छ।

●●●

केही दिनअघि भक्तपुरमा ट्रकको ठक्करबाट स्कुटर चालकको मृत्यु भयो। उनको मृत्युपश्चात् ट्राफिक चेकिङको कारण स्कुटर चालकको मृत्यु भएको भन्दै व्यापक विरोध भयो। स्थानीयको भीडले ट्राफिक प्रहरीसमेत कुटिए। तर, घटनापछि सार्वजनिक भएको दुर्घटनाको भिडियोमा ट्राफिक चेकिङमा स्कुटर रोकेको भने देखिएन।

●●●

पूर्वसचिव भीम उपाध्यायले सामाजिक सञ्जालमा दुर्घटनाको मुख्य कारण अस्तव्यस्त सडक नै रहेको बताएका छन्। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'सवारी दुर्घटनाको एक प्रमुख कारण सडकमा प्रहरीले राख्ने अवरोधहरू हो।

हरेक किमिमा गाडी रोक्ने, बेरियर राख्ने, केरकार गर्ने गरेर चालकको समय बर्बाद गरिदिने र यो समय रिकभर गर्न र समयमा गन्तव्य पुग्ने चालकले गाडी स्पिड गर्नुपर्ने बाध्यता छ। राति-दिउँसो नदेखिने गरी ठाउँ कुठाउँमा बेरियरहरू राखिएका हुन्छन्। एक जिल्लाभित्र दर्जनौं बेरिएर तेर्साएर चिल्ला स्तरीय सडकहरू कुरूप बनाउने काम प्रहरीको नै हो।

उपत्यका ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता विश्वराज खड्काका अनुसार उपत्यकामा हुने दुर्घटना हरेक दिन बढिरहेको छ। दुर्घटनाबाट धेरै जनधनको क्षति पनि भएको छ। दुर्घटनामा घाइते भएका व्यक्तिको अवस्था झन् खराब छ। दुर्घटना न्यूनीकरण गर्नकै लागि आवश्यक मात्रामा ट्राफिक चेकिङ गरिएको हो। सडकमा यात्रा गर्दा होस् या सवारी चलाउँदा ट्राफिक नियम मान्ने हो भने दुर्घटनाको जोखिम कम हुने खड्काको तर्क छ।

प्रवक्ता खड्का भन्छन्, 'ट्राफिक चेकिङमा कडाइ गर्नु प्रहरीको रहर नभएर बाध्यता हो। संयमित चालक निकै कम छन्। दुर्घटना गराएर भाग्ने, चोरेका सवारी चलाउने, कागजपत्रबिना नै सवारीसाधन सडकमा हुइँक्याउने र ओभरस्पिडमा सवारी हाँक्ने तथा मापसे, लापसे गरेर सवारी चलाउनेजस्ता कार्य बढ्दै गएकाले चेकिङमा कडाइ गरिएको हो।'

झाडीमा लुकेर प्रहरीले सवारी चेकजाँच गर्छन् नि भन्ने प्रश्नमा प्रवक्ता खड्का भन्छन्- कहीँ कतै लुकेर हैन, मेन चोक, नाका र मुख्य सडकहरूमा सवारी चेकजाँच हुने गर्छ। पछिल्लो समय अति आवश्यक बाहेक मुख्य सडकमा बिहान र दिउँसोको चेकिङ हटाइएको ट्राफिक महाशाखाले जानकारी दिएको छ। महाशाखाका अनुसार सडकका रेखा वा संकेत चिह्नले संकेत नदिएका ठाउँमा सवारी रोकेर चिट काट्न पाइँदैन। खड्का भन्छन्, 'भक्तपुरको दुर्घटनापछि नागरिकले ट्राफिक चेकिङको विषयमा सवाल उठाएपछि सडकमा सवारी चेकिङ परिमार्जन गरिएको छ।' ट्राफिक प्रहरीले सडकमा गर्ने सवारी चेकिङको विषयमा महाशाखाबाटै नै खटाएर गरिने हुँदा यसमा शंका गर्नुपर्ने ठाउँ नरहेको खड्काको तर्क छ। विशुद्ध नागरिकको यात्रा सुरक्षित र भरपर्दो बनाउन तथा दुर्घटना घटाउनका लागि नै चेकिङ राखिएको हो।

सडकमा संकेत नै नभएको ठाउँमा पनि विभिन्न बहाना निकालेर ट्राफिक प्रहरीले चेकजाँच गरेर चिट काट्छ भन्ने गुनासो छ। यसमा प्रवक्ता खड्का भन्छन्, 'सडकमा वन वे, युटर्न, नो पार्किङ जस्तो संकेत राखिएका हुन्छन्। कहिलेकाहीँ संकेत चिह्न नभएका ठाउँमा सडकमा हुने सीधा र डट लाइनले संकेत देखाइएको हुन्छ। जहाँ यस्ता दुवै खाले लाइन र संकेत छैन, त्यहाँ वन वे, युटर्न, नो पार्किङजस्ता कसुरमा चिट काट्न मिल्दैन। यही कसैमाथि यस्तो भएको छ भने ट्राफिक महाशाखा आएर निवेदन दिन सकिन्छ।

# थारूको कलासंस्कृति जोगाउन शास्त्रीय संगीत कक्षा

**क्रान्ति शाह** | *वीरगन्ज*

थारू जाति र थरुहट क्षेत्रबाट लोप हुँदै गएको शास्त्रीय संगीत जगेर्नाका लागि पर्साको पटेर्वा सुगौली गाउँपालिकाले अग्रसरता लिएको छ। पालिकाले शास्त्रीय संगीत अध्ययन प्रतिष्ठान नै गठन गरेर शास्त्रीय संगीत सिकाउने कक्षा पनि सुरु गरेको छ।

शनिबार एक कार्यक्रमको आयोजना गरी पालिकाले शास्त्रीय संगीत सिकाउने कक्षाको औपचारिक रूपमा सुरुवात गरेको हो। कार्यक्रममा पटेर्वा सुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरीले शास्त्रीय संगीत कक्षाको उद्घाटन गरेका हुन्। पटेर्वा सुगौली गाउँपालिका-४ सुगौली दापस्थित गुदरबाबा मठको कोठामा शास्त्रीय संगीत अध्ययन प्रतिष्ठानको कार्यालय स्थापना गरी त्यहीँ शास्त्रीय संगीत कक्षा सञ्चालन गरिएको अध्यक्ष चौधरीले बताए।

थरुहट क्षेत्र र थारू जातिबाट लोप हुँदै गएको शास्त्रीय संगीतको जगेर्ना गर्न र आजको पिँढीलाई यसतर्फ आकर्षित गर्ने उद्देश्यले शास्त्रीय संगीत अध्ययन प्रतिष्ठान नै गठन गरेर शास्त्रीय संगीत कक्षा सञ्चालन गरिएको उनले बताए। संगीत कक्षामा थारू जातिको कलाकसंस्कृति र पहिचानसँग जोडिएका तबला, ढोलक, बेन्जु, हारमुनियम लगायतका वाद्यवादन बजाउन सिकाइने अध्यक्ष चौधरीले जानकारी दिए। त्यसका लागि स्थानीय दुई जनालाई प्रशिक्षका रूपमा गाउँपालिकाले राखेको छ। शास्त्रीय संगीत कक्षामा आवश्यक डिएका तबला, ढोलक, बेन्जु, हारमुनियम लगायतका वाद्यवादनहरू र प्रशिक्षको व्यवस्थापन गाउँपालिका कार्यालयले नै गरेको अध्यक्ष चौधरीले जानकारी दिए।



# विश्व हिन्दू महासंघको आह्वानमा धार्मिक र्‍याली

**काठमाडौं** (अन्नपूर्ण) : देशमा बढ्दै गएको धर्मान्तरण तथा धार्मिक सांस्कृतिक अतिक्रमण, कला संस्कृति, पहिचान र राष्ट्रिय एकतालाई खण्डित हुने कार्य बढ्दै गएको भन्दै विरोध स्वरूप विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिको आयोजनामा शुक्रबार काठमाडौंमा र्‍याली निकालिएको छ। विश्व हिन्दू महासंघ अन्तर्राष्ट्रिय समितिकी कार्यवाहक अध्यक्ष अस्मिता भण्डारीको अध्यक्षतामा धर्म निरपेक्षता खारेज गर, हिन्दू अधिराज्य कायम गर, सांस्कृतिक हस्तक्षेप बन्द गर, सनातनीहरूमाथिको दमन बन्द गर, धर्मान्तरण बन्द गर, राष्ट्रिय एकता खण्डित गर्ने कार्य बन्द गरलगायतका नारासहित माइतीघर मण्डलबाट निकालिएको र्‍याली बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो।




कोणसभालाई राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं प्रतिनिधिसभा सदस्य धवल शमशेर राणा, विश्व हिन्दू महासंघ राष्ट्रिय समितिका उपसभापति अरुण कुमार पाण्डे, जानकी मन्दिरका उत्तराधिकारी राम रोशन दास, पूर्व गृहमन्त्री बुद्धिमान तामाङ, पूर्वमन्त्री पशुपति शमशेर जबरा, प्रकाशचन्द्र लोहनी, राप्रपा नेपालका तारानाथ लुइँटेल, नेपालका लागि नेपालीका सुशील चन्द्र अधिकारीलगायतले सम्बोधन गरे।

# साँग्रिला अर्फनेज होमको २६औं वार्षिक साधारणसभा




**काठमाडौं** (अन्नपूर्ण) : साँग्रिला अर्फनेज होमको २६ औं साधारणसभा सम्पन्न भएको। गोदावरी नगरपालिका-१० मा कार्यलय रहेको संस्थाको २६औं वार्षिक साधारणसभा शनिबार गोदावरी भिलेज रिसोर्टमा सम्पन्न भएको हो। साधारणसभा तथा सार्वजनिक लेखापरीक्षण कार्यक्रमको गोदावरी नगरपालिकाका उपमेयर मुना अधिकारीले उद्घाटन गरेकी थिइन्। सो अवसरमा उपमेयर अधिकारीले साँग्रिला अर्फनेजले निकै राम्रो काम गरेको बताइन्। साँग्रिला अर्फनेज होमका अध्यक्ष यमुना मरासिनीले सबैको सहयोगले यो अवस्थासम्म आइपुगेको भन्दै अझै पनि सहयोगको अपेक्षा रहेको बताइन्। कुनै पनि संस्था चल्नका लागि सहयोगको आवश्यकता पर्ने र त्यसका लागि अहिलेसम्म सबैले सहयोग गरेको भन्दै उनले बताइन्।

पुरुष प्रदान समाजमा २६ वर्षसम्म महिलाले नेतृत्व गरेर उदाहरण स्थापित गर्नेको होमका निर्वतमान अध्यक्ष तथा सल्लाकार निता शाहीको भनाइ छ। 'मैले २५ वर्षसम्म यो संस्थाको नेतृत्व गरे अहिले पनि यमुना मरासिनिले नेतृत्व गरिरहेको अवस्था छ। यो महिलाका लागि निकै गर्वको विषय हो', उनले भनिन्। संस्थाको भवन निर्माण भए पनि अहिले पनि गेट बन्न नसकेको भन्दै यसका लागि सबैको सहयोग आवश्यक रहेको उनको भनाइ थियो। कार्यक्रममा संस्थाका उपाध्यक्ष डा. उमेश बोगटीले सबैको सहयोगमा काम नर्ग सफल भएको बताए। २ दशकको समय पार गर्दा सबैको सहयोगले छोटो समय लागेको उनलले बताए। यो संस्था २०५५ सालमा स्थापना भएको संस्था हो। यसले सहाराविहीन तथा असहाय बालबालिकालाई सहारा दिँदै आएको छ। साँग्रिला अर्फनेज होम परियोजनामा ३५ जना बालबालिकाहरू रहेकोमा अहिले ३२ जना छन्। जसमध्ये बालक १६ र बालिका १५ जना छन्। जसमध्ये केही समय अघि मात्रै ४ जना बालबालिकाहरू आफन्तकोमा गएका छन्। जसले गर्दा अहिले होममा ३१ जना बालबालिका छन्। होममा अहिले ५ प्रदेशका ११ जिल्लाका बालबालिका रहेको संस्थाका सचिव दधिवल थापाले जानकारी दिए।

कार्यक्रममा साँग्रिला अर्फनेज होमका कार्यक्रम म्यानेजर सन्तोषकुमार मगरले विगत २५ वर्षदेखि असाहाय बालबालिकाका क्षेत्रमा निरन्तर काम गरिरहेको जानकारी दिए। संस्थाले बालबालिकाको शिक्षा, स्वास्थ्यलगायत क्षेत्रमा सहयोग गरिरहेको उनको भनाइ थियो।

# गुडविभको २९औं वार्षिक साधारणसभा तथा सामाजिक परीक्षण

**लक्ष्मी तामाङ** | *काठमाडौं*

नेपाल गुडविभ फाउन्डेसनले २९ औं वार्षिक साधारणसभा तथा वार्षिक सामाजिक परीक्षण सम्पन्न गरेको छ। शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रमबीच संस्थाले आफ्नो वार्षिक साधारण सभाका साथै सामाजिक परीक्षण गरेको हो।



वर्षभरी गरेका सामाजिक तथा आर्थिक क्रियाकलापका बारेमा जानकारी गराउने उद्देश्यले सामाजिक परीक्षण कार्यक्रम गरिएको संस्थाका महासचिव किरण थापाले बताए। कार्यक्रम एक नियमित प्रक्रिया भएको संस्थाका उपाध्यक्ष बलराम गुरुङले बताए। फाउन्डेसनका अध्यक्ष उवराज भण्डारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका कार्यक्रम प्रबन्धक हेमबहादुर मोक्तानले संस्थाले वर्षभरी गरेका विभिन्न क्रियाकलाप र बजेटको विषयमा प्रकाश पारे। गलैंचा उद्योगहरूमा हुने अवैध बालश्रमलाई रोकथाम गर्ने उद्देश्यले संस्था स्थापना भएको उनले जनाए। संस्थाले सञ्चालन गरेको आवधिक बालगृहका बारेमा कीर्तिपुरस्थित ल्याबोरेटोरी स्कुलमा अध्ययनरत सुनमाया मोक्तानले सबै बालबालिकाको प्रतिनिधित्व गर्दै आफ्नो अनुभव सुनाइन्। उनले गलैंचा कारखानादेखि बालगृहसम्मको यात्रा सुनाइन्। उनले १२ कक्षाभन्दा माथि अध्ययन गर्नका लागि सहयोग गरिदिन संस्थालाई आग्रह गरिन्।

कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँ, समाज कल्याण परिषद्का सहायक निर्देशक आनन्द थापा, कागेश्वरी मनोहरा नगरपालिकाको उपप्रमुख शान्ता थापा, गुडविभको संस्थापक सदस्य सुलोचना श्रेष्ठ शाहले गुडविभले बाल श्रममुक्त बनाउने अभियानमा महत्वपूर्ण भूमिका निभाएको बताइन्।

**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना**

प्रकाशित मिति : २०८१/०५/३० गतेको अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुरबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति**
२०८१/०६/१३ गते/स्थान : शाखा कार्यालय जनकपुर

**बोलपत्र खोलिने मिति/समय**
२०८१/०६/१५ गते, मंगलबार दिनको ३ बजे

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">ऋणीको नाम, ठेगाना</th></tr>
<tr><td rowspan="5">१.</td><td colspan="2">**नाम : श्री जय न्यू पूजा ट्रेडर्स**<br>नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, जनकपुर, धनुषा<br>प्रा.फ.र.नं. १४६२३/१४१४/२०७६/२०७७, दर्ता मिति : २०७६/०९/२३, पान नं. ६०८२६८६६६, दर्ता मिति : २०७५/०५/०३<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ४, **प्रोप्राईटर : सियाराम महतो कोइरी**</td></tr>
<tr><td colspan="2">**जमानतकर्ताको विवरण**</td></tr>
<tr><td>**१. नाम : सियाराम महतो कोइरी**<br>ना.प्र.नं. १०२३२५६८, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५२/०८/२१<br>बाबुको नाम : सुकदेव महतो<br>बाजेको नाम : सरयुग महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ४</td><td>**२. नाम : चन्दरकला देवी महतो**<br>ना.प्र.नं. १०२३३०५१, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५९/०९/०४<br>पतिको नाम : सियाराम महतो कोइरी<br>ससुराको नाम : सुकदेव महतो<br>ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.वि.स. वडा नं. ९<br>हालको ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. ७</td></tr>
<tr><td colspan="2">**धितोको विवरण**</td></tr>
<tr><td colspan="2">चन्दरकला देवी महतोको नाममा मालपोत कार्यालय धनुषा, जनकपुरमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, शान्तीपुर गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. ६८८ को क्षेत्रफल ०-११-०-० विघा भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।</td></tr>
</table>

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१०
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# म प्रमुख कार्यकारी सेवक हुँ : प्रधानमन्त्री ओली




**काठमाडौं** (अन्नपूर्ण) : प्रधानमन्त्री केपी शर्मा ओलीले छिटो-छरितो र झन्झटमुक्त सरकारी सेवाको प्रत्याभूति गरिएको जानकारी दिएका छन्। 'हामीले कामको स्थिति ट्र्याकिङ गर्ने प्रणाली बनाएका छौं।

अब सरकारी कार्यालयमा ढिलासुस्ती हुँदैन', काठमाडौं बूढानीलकण्ठमा लेमन ट्री प्रिमियर होटल उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले भने, 'क्युआर कोडले त्यसको अवस्था देखाउँछ। भरसक फाइलहरू टेबुलमाथिबाट घरमै छिर्न नपाऊन्।' आफूले नै डिजिटल नेपालको अवधारणा ल्याएको उनको भनाइ थियो। मान्छेको मानसिकतामा सकारात्मक परिवर्तन गर्ने पहल भइरहेको प्रधानमन्त्रीले बताए। 'म पनि प्रमुख कार्यकारी सेवक हुँ', उनले भने।

पर्यटक भित्र्याउने अधिकतम पहलमा सरकार रहेको प्रधानमन्त्रीले बताए। रेलसेवा, वायुसेवा, विमानस्थल विस्तार, बाटो चौडा आदिलाई सरकारले प्राथमिकतामा राखेको उनले सुनाए।

प्रधानमन्त्री ओलीले होटलले नेपालको समृद्धि र विकासको यात्रामा टेवा दिन सक्ने अपेक्षा व्यक्त गर्दै पर्यटकलाई आकर्षित गर्न नेपालमा सुन्दर स्थल र वातावरण रहेको तथा सरकारले पूर्वाधार विकासलाई प्राथमिकता दिएको सुनाए। बूढानीलकण्ठमा साढे २ अर्बको लगानीमा पाँच वर्षमा निर्मित एक सय दुई बेडयुक्त होटलको शनिबार उद्घाटन भएको हो।

# अधुरै रह्यो उपाध्यक्ष बुढाको 'शी लिड्स आइकन' बन्ने सपना

**निराजन सिर्पाली** | *रुकुमपूर्व*

रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिकाकी उपाध्यक्ष भुपेन्द्रा बुढाले बिहीबार मात्रै आफूलाई 'शी लिड्स आइकन'को उत्कुष्ट महिला जनप्रतिनिधिमा जिताउन 'फेसबुक'मार्फत भोट मागेकी थिइन्।

तर, उनको शी लिड्स आइकन बन्ने सपना शुक्रबार गलकोट नगरपालिका-२ मा भएको जिप दुर्घटनासँगै सधैंका लागि अस्ताएको छ। आमाको खुट्टाको उपचारपछि घर फर्किंदै गरेकी बुढाले आफ्नी आमासँगै दुर्घटनामा ज्यान गुमाएकी छिन्।

आमाको खुट्टाको उपचारपछि एकसाता लामो काठमाडौं बसाई सकेर रुकुम पूर्वतर्फ फर्कंदै गर्दा बागलुङको गलकोटमा भएको जिप दुर्घटनामा ३३ वर्षीया उपाध्यक्ष बुढा र उनकी आमा ६१ वर्षीया गोपीमाया बुढाको ज्यान गएको छ।

उनीसँगै सोही गाउँपालिका-२ का वडाअध्यक्ष जसबहादुर सिर्पालीको पनि घटनास्थलमै मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रताप पौडेलले गाउँपालिकाको जीप रुकुम पूर्वतर्फ जाँदै गर्दा अनियन्त्रित भएर भुंखानीको भिरमा खसेको बताए।

जिप दुर्घटना सँगै 'शी लिड्स आइकन' बन्ने सपना सधैंका लागि समाप्त भएको छ। प्रतिस्पर्धामा देशभरका उत्कृष्ट काम गर्ने जनप्रतिनिहरूबीच प्रतिस्पर्धा गराइएको थियो। 'अनलाइन' मतका आधारमा उत्कृष्ट छानिने उक्त आइकनमा देशभरका विभिन्न पालिकाका प्रमुख तथा उपप्रमुखसहित २७ जना महिला जनप्रतिनिधि छोटो सूचीमा छनोटमा पर्नुभएको थियो। तर, उक्त सूचीबाट एकजनाको संख्या शुक्रबारबाट सधैंका लागि घटेको छ।



- पुथा उत्तरगंगा गाउँपालिकाकी उपाध्यक्ष भुपेन्द्रा बुढाको सपना शुक्रबार गलकोट नगरपालिका-२ मा भएको जीप दुर्घटनासँगै सधैंका लागि अस्ताएको छ।
- उनीसँगै उनकी आमा गोपीमाया बुढा र सोही गाउँपालिका-२ का वडाअध्यक्ष जसबहादुर सिर्पालीको पनि घटनास्थलमै मृत्यु भएको छ।

सो दुर्घटनामा जिपचालक रुकुमपूर्वको भूमे गाउँपालिका-३ निवासी २९ वर्षीय प्रेमबहादुर पुन गम्भीर घाइते भएका छन्। उनको टाउकोमा गम्भीर चोट लागेपछि धौलागिरि अस्पतालमा उपचारपछि थप उपचारका लागि अहिले पोखरा पठाइएको छ। शुक्रबार रा १ झ २०० नम्बरको पिकअप जीप अनियन्त्रित भई सडकबाट अन्दाजी ३ सय मिटर तल खसेको थियो। उपाध्यक्ष बुढाले केही दिनअघि मात्र सामाजिक सञ्जालमा आमाको खुट्टाको उपचार गराइरहेको, आमालाई मन्दिर घुमाइरहेको फोटो राखेकी थिइन्। उनले बुवा बितेपछि एक्लै परेकी आमालाई उपचारसँगै काठमाडौं घुमाउन लगेकी थिइन्। ७ वर्षअघि उपाध्यक्ष बुढाले बुवालाई गुमाएकी थिइन्। उनले आमाको हेरचाह आफैं गर्दै आइकी थिइन्। आमालाई उपचार गरी सहर घुमाएर घर फर्किएकी उपाध्यक्ष बुढाको जीप दुर्घटनामा आमासँगै र वडाअध्यक्षको समेत मृत्यु भएपछि सिंगो रुकुमपूर्व शोकमा डुबेको छ।

# पशुबलिविरुद्ध महिला




**कलैयामा निकालिएको शान्तिपूर्ण ऱ्यालीका सहभागी। ● अन्नपूर्ण**

**दिवाकर भण्डारी** | *सिमरा*

नजिकिँदै गरेको विश्वप्रसिद्ध गढीमाई मेलामा पशुबलि नचढाउन आग्रह गर्दै पशु कल्याण संघ नेपाल र स्नेहाज केयरले शुक्रबार कलैयामा शान्तिपूर्ण ऱ्याली निकालेको छ। गढीमाई मेलामा हुने पशुबलि निरुत्साहित गर्न अभियान सञ्चालन गर्दै आएको संघले सचेतनामूलक ऱ्याली निकालेको हो।

बारा महिला विकास मञ्चको सहकार्यमा आयोजित ऱ्यालीमा झन्डै चार सय महिला सहभागी थिए। 'बलि पशुको होइन अन्धविश्वासको दिऔं' भन्ने नारासहित जानकी मन्दिरबाट सुरु भएको ऱ्याली कलैया बजार परिक्रमा गर्दै पुनः मन्दिरमा आएर सम्पन्न भएको थियो।

संघकी अध्यक्ष स्नेहाश्रेष्ठले गढीमाई मेलासहित देशभर हुने पशुबलिलाई निरुत्साहित गरौं भन्ने सन्देश प्रवाह गर्नका लागि शान्तिपूर्ण ऱ्याली निकालिएको बताइन्। ऱ्यालीमा स्थानीय महिलाले उत्साहजनक सहभागिता देखाएकोमा खुसी लागेको बताउँदै श्रेष्ठले गढीमाई मेलालाई हिंसारहित बनाउनसमेत आग्रह गरिन्।

मनोकामना पूरा हुने अन्धविश्वासमा पशुको बली चढाउनेभन्दा पनि फलफूल, लड्डु, सिन्दुर चढाउनुपर्छ भन्ने सन्देश प्रवाह गराउन आफूहरू लागि परेको श्रेष्ठको भनाइ छ। 'गढीमाई मेला हिंसारहित हुनुपर्छ, पशुबलि अन्त्य गर्नुपर्छ भनेर हामी लागिरहेका छौं'श्रेष्ठले भने, 'नागरिक सचेत हुँदै गएको पाएका छौं। सरोकारवाला निकायले पनि साथ दिइरहेका छन्।'

बारा महिला विकास मञ्चकी अध्यक्ष एवम् पूर्वमन्त्री कलावती पासवानले पशुबलि अन्त्य गर्नका लागि महिलाले घरघरमा आवाज उठाउन जरूरी रहेको बताइन्। ऱ्यालीपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै पासवानले पुरुषले भन्दा बढी भाकल महिलाले गर्ने गरेको भन्दै महिलाले नै बलिविरुद्ध आवाज उठाउन जरूरी रहेको बताएकी थिइन्। पासवानले पशुको बलि दिएर मनको शान्ति हुने भन्दा देवीलाई खुसी बनाउन फलफूल चढाउन अनुरोध गरिन्।

सर्वोच्च अदालतले समेत २०७३ सालमा पशुबलिलाई सहयोग वा प्रोत्साहन हुने कार्य सरकारका तर्फबाट नगर्न र त्यस्ता कार्यलाई निरुत्साहित गर्न गराउन भनि परमादेश जारी गरेको थियो। पशु कल्याण संघ नेपालले पशुबलिविरुद्ध सर्वोच्चको परमादेश कार्यान्वयनका लागि सरोकारवाला निकायलाई ताकेता गर्दै आइरहेको छ।

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office, Surkhet**

## Road Division Pyuthan
**Jaspur, Pyuthan**

## Invitation for Bids

Invitation for Bid No: **05/81/82**
**Date of publication: 2081/05/30 (2024 Sep 15)**

**Road Division, Pyuthan invites** Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Bidding (NCB) procedures.

| S. N. | Contract Number | Name of Works | Estimate Amount (NRs) (Excluding VAT ) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Required turnover (NRs.) | Required Bid Capacity (NRs.) |
|---|---|---|---|---|---|---|---|
| 1 | RDPTN/ 33701138/ 81/82-34 | Road Rehabilitation works along Ganaha-Chakchake Road Section, NH-53, in Pyuthan District | NA | 9,41,000.00 | 5,000.00 | NRs. 51.33 million | NRs. 27.38 million |

**Purchase, Submission and Opening:**

| S. N. | Last Date of Bid Submission | Technical Bid Opening Date, Time & place | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 2024/10/16 (AD) 2081/06/30 (BS) up to 12:00 hours | 2024/10/16 (AD) 2081/06/30 (BS) 13:00 hours, Road Division Pyuthan | 2024/10/01 (AD) 2081/06/15 (BS) 13:00 hrs. at office address | 90 days from bid submission due date | Minimum 30 days beyond bid validity period | |

Eligible Bidders may visit **PPMO's website www.bolpatra.gov.np/ppmo e-procurement section** for further information or contact **Road Division Pyuthan** at **Email:- drofficepyuthan@gmail.com.**

**Division Chief**




नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **अखण्ड भण्डारी**